वर्ष : ११ | अंक : ११

# अर्थ र रोजगार

ARTHA RA ROJGAR राष्ट्रिय

२०७९ जेठ | 2022 May-June



स्वदेशी जुत्तामा
आत्मनिर्भर छौं : घिमिरे




# बजेटले जगाएको आशा

मूल्य रु.80/-, भारु. 30/-, मलेसियन रिंगेट ५/-, युएई दिराम ५/-, कतारी रियाल ५/-, ओमानि रियाल 0.५/-, बहराइन डिंडी 0.५/-, युएस 8 $/-

- वैदेशिक रोजगार बचतपत्र खुल्यो
- श्रम स्वीकृति अनलाइनबाटै

AR_Jestha_2079_BW_press.indd 1 6/13/2022 9:29:50 PM




**Corporate** 9801902885 • **Kathmandu Valley** Balaju 4961786 • Balkumari 5186184 • Bhaktapur 6613112 • Buddhabari 4104540, 4104541 • Gatthaghar 6638444 • Gyaneshwor 4428970 • Kantipath 5325377, 5366517 Kumaripati 5408781 • Mitra Park 5241224, 5241033 • Ravibhavan 4670812

**Outside of Valley** Attaria 551244 • Baglung 520174 • Bardaghat 580727 • Bardibas 550552 • Bharatpur 526697 • Bhairahawa 523930 • Bhairahawa 524290 • Biratchowk 545227 • Biratnagar 463754 • Biratnagar 503095 Birgunj 529667 • Birtamod 590195 • Butwal 542725 • Butwal 437909 • Chandranigahapur 540739 • Damak 580690 • Damauli 560477 • Dang 563442 • Dhangadi 417115 • Dhanushadham 414063 • Dharan 526522 • Gaidakot 502399 Gaur 521109 • Gaushala, Mahottari 556186 • Golbazar 540327 • Gulariya 420099 • Gulmi 520142 • Hetauda 525386 • Inaruwa 566498 • Itahari 587580 • Jaleshwor 521095 • Janakpur 523644 • Janakpur 527426 • Kalaiya 551526 Kapilbastu 550160 • Kawasoti 541001 • Kohalpur 540280 • Lahan 562202 • Lalbandi 501628 • Lamahi 540863 • Malangawa 521711 • Mahendranagar 520745 • Mirchaya 550803 • Narayanghat 532255 • Nepalgunj 551598 Palpa 400639 • Parasi 520984 • Parsa 582862 • Parsa 561825 • Pokhara 589389 • Pokhara 522905 • Pyuthan 460464 • Rajbiraj 523542 • Simara 521520 • Siraha 520442 • Surkhet 525196 • Surunga 551010 • Taulihawa 561330 Tikapur 560426 • Tulsipur 522050 • Urlabari 540074 • Waling 440610

AR_Jestha_2079_BW_press.indd 2 6/13/2022 9:29:51 PM




AR_Jestha_2079_BW_press.indd 3 6/13/2022 9:29:54 PM


SAN SOJU
Best of Korea
Now in Nepal
SAN SOJU
산소주
Serve Chilled
ALC - 17.12% v/v
300 ML
#SpiritThatSparkles

# यस अंकमा



## ४ बजेटले जगाएको आशा

देशको आर्थिक क्रियाकलापलाई गतिशिल बनाउन प्रत्येक वर्ष सरकारले बजेट ल्याउने गर्दछ। अर्थमन्त्री जनार्दन शर्माले आगामी आर्थिक वर्ष २०७९/८० का लागि १७ खर्ब ९३ अर्ब ८३ करोड रुपैयाँको बजेट भर्खरै ल्याएका छन्। कोभिड महामारी र स्थानीय तहको निर्वाचनपछि आएको बजेटले आयात प्रतिस्थापन गर्दै निर्यात प्रवर्द्धनमा जोड दिएको छ। बजेटले उद्यमी, रोजगारी र विदेशमा बस्ने नेपालीलाई निकै आशा जगाएको छ। नीजि क्षेत्र तथा सराकारित क्षेत्रले प्रभावकारी कार्यान्वयनमा जोड दिएका छन्। बजेटले जगाएको आशाका विषयमा तयार गरिएको आवरण रिपोर्ट :

## २६ गीत लेखनमा उदाउँदै सुशीला




## २२ वरिष्ठ निबन्धकार युवराज नयाँघरेको उन्मुक्ति कहिले ?



## २४ अनुभूति शम्भु सुस्केरा



## ९




वैदेशिक रोजगार बचतपत्र
**विशेषता धेरै, आकर्षण न्यून**

## १३



● नानीराज घिमिरे, अध्यक्ष
फुटवेयर म्यानुफ्याचर्स एशोसिएशन अफ नेपाल (एफम्यान)

फुटवेयर विषयमा डिग्री, पिएचडीसम्मको पढाई हुनुपर्छ




## १६ नेपाल र मलेसियाबीचको श्रम समझदारी प्रभावकारी बनाउने सहमति

जि.प्र.का. काठमाडौं द.नं. १३७/०६७/०६८

अर्थ र रोजगार
ARTHA RA ROJGAR राष्ट्रिय मासिक

वर्ष ११, अंक ११, २०७९ जेठ

रोजगार मिडिया प्रा.लि द्वारा प्रकाशित

**सल्लाहकार**
युवराज नयाँघरे
जगदीश खरेल

**सम्पादक**
उद्धव भट्टराई

**कार्यकारी सम्पादक**
सुमन गिरी

**सह-सम्पादक**
उत्तम भट्टराई

**प्रमुख व्यवस्थापक**
फणिन्द्र दाहाल

**व्यवस्थापक**
पर्वत विश्वकर्मा

**संवाददाता**
सरोज श्रेष्ठ
कृष्ण पाण्डे
मोहन सुवेदी

**ओमान संयोजक**
दिपक श्रेष्ठ (९६८९६०५३४६९)

**कतार प्रतिनिधि**
खेम भट्टराई, ९७४५६०९५७८
चिरञ्जिवी तिमल्सिना, ९७४७७०३६०३९
एमपी पोखरेल/कृष्ण दाहाल

**दक्षिण कोरिया प्रतिनिधि**
हयाङ चेम्जोङ

**प्रतिनिधि**
राजु थापा (क्यानडा), जनक गिरी (जापान)
हरिकृष्ण अधिकारी (इजरायल)
यामबहादुर पुरकोटी (युएई)

**कानुनी सल्लाहकार**
देवराज कटुवाल

**डिजाइन**
महेश कार्की
९८४९२५९२३५

**मूद्रक**
नयाँ नेपाल प्रेस प्रा.लि.,
असन, काठमाडौं, फोन : ९८५११७९९९६

**कार्यालय**
रोजगार मिडिया प्रा.लि.
ज्ञानेश्वर, काठमाडौं
पो.ब. नं. १२०१८, फोन : ०१-४५३१०४३
९८४९१४५५३४,९८५१००१३२५
इ–मेलः artharojgar@gmail.com
www.rojgarmanch.com

# राजदूत र श्रम सहचारी छिटो पठाउ

सरकारले विभिन्न देशमा नयाँ राजदूत, श्रम सहचारी र श्रम काउन्सिलर पठाउँदैछ। नेपाल र सम्बन्धित देशबीच वैदेशिक सम्बन्ध मात्र नभएर विदेशमा रहेका नेपालीहरूको अधिकार रक्षाका लागि राजदूत तथा श्रम सहचारी विगतदेखि नै पठाउँदै आएकोमा लामो समय उक्त पद रिक्त रहँदा बल्ल प्रकृया अगाडि बढेको छ। सरकारले पदपूर्तिमा ढिलाई गर्दा दुईदेशबीचको सम्बन्धमा मात्र नभएर नेपालीहरू अभिभावकबिहीन बनेका छन्।

सरकारले पछिल्लो समय २० देशमा नयाँ राजदूत पठाउनका लागि सिफारिस गरेकोमा सबैको संसदीय सुनुवाईबाट अनुमोदन भइसकेको छ। सरकारले बिभिन्न दल आबद्ध १२ जना र परराष्ट्र सेवाका ८ जना गरी २० जना राजदूत सिफारिस गरेको थियो। सरकारले चीनका लागि नेता विष्णुपुकार श्रेष्ठ, रसियाका लागि मिलन तुलाधर, अष्ट्रेलियाका लागि कैलाश पोखरेल र स्पेनका लागि शर्मिला पराजुली ढकाललाई सिफारिस गरेको छ। दक्षिण कोरियाका लागि ज्योति प्याकुरेल, डेनमार्कका लागि प्रा.डा. रामसोगरथ राय यादव, साउदी अरेबियाका लागि नवराज सुवेदी, दक्षिण अफ्रिकाका लागि दानबहादुर तामाङ, श्रीलंकाका लागि बासुदेव मिश्र, मलेसियाका लागि डिल्लीराज पौडेल र इजरायलका लागि शान्ता रिजाल सिफारिस भएका छन्। सरकारले परराष्ट्र मन्त्रालयका कर्मचारीहरू घनश्याम भण्डारी, हरिशचन्द्र घिमिरे, तीर्थराज वाग्ले, डोरनाथ अर्याल, सुशीलकुमार लम्साल, भरतकुमार रेग्मी, निर्मलराज काफ्ले र दुर्गाबिहादुर सुवेदी पनि राजदूतमा सिफारिस गरेको छ ।

एकै पटक २० वटा देशमा राजदूत खाली हुँदासमेत सरकारले लामो समय राजदूत पठाउन नसक्दा ती देशमा नेपालले आफ्नो दरिलो उपस्थिति देखाउन त सकेन नै दुई देशबीचको सम्बन्धमासमेत प्रगाढता देखिन सकेन।

सरकारले वैदेशिक रोजगारमा गएका नेपालीहरूको सहजताका लागि श्रम काउन्सिलर र श्रम सहचारी पनि सजिलै नियुक्ती गर्न सकेको छैन। पछिल्लो पटक साउदी अरेबिया, रियादको काउन्सिलरमा देवेन्द्र कार्की र संयुक्त अरब इमिरेट्सका लागि दीनबन्धु सुबेदीलाई पठाउने भएको छ भने श्रम सहचारीमा बहाइनका लागि जमुना काफ्ले र कतारका लागि कृष्ण पौडेललाई नियुक्त गरेको छ। श्रमिकहरूका समस्या सम्बोधनमा खटिनु पर्ने श्रम सहचारी तथा काउन्सिलरले दूतावासमा आएका सेवाग्राहीको समस्या नसुनेको, सेवाप्रवाह चुस्त नबनाएको तथा प्रभावकारी भूमिका नखेलेको पनि आरोप लाग्दै आएको छ।

विदेशमा रहेका दूतावासमा फोन नउठ्ने, तत्काल रेन्सपोन्स नगर्ने, ढिलासुस्तीले काम गर्ने, सक्षम तथा कुशल जिम्मेवारी ननिभाउने प्रचलन धेरै छ। विदेशमा रहेका नेपालीहरू तथा श्रमिकको हक अधिकारको संरक्षण, समस्या परेको अवस्थामा उद्धार तथा संरक्षण गर्न सक्ने राजदूत तथा श्रमसहचारी जिम्मेवारीमा जानुपर्छ। भोलिका दिनमा राजदूत तथा श्रम सहचारी पद खालि हुनुभन्दा पहिला नै नियुक्त गरेर पठाउन सक्नुपर्छ।

आर्थिक तथा श्रम कुटनीतिमा अब्बल र दक्षलाई मात्र विदेशस्थित नियोगमा पठाउन सके मात्र देशले फाइदा लिन सक्ने थियो भने इज्जत पनि माथि उठ्ने थियो।

AR_Jestha_2079_BW_press.indd 6 6/13/2022 9:29:56 PM




## अब आउने जनप्रतिनिधीहरूले राम्रो काम गरून्

स्थानीय तहको निर्वाचन भर्खरै सम्पन्न भएको छ। यसै वर्ष प्रदेशसभा र प्रतिनिधीसभाको पनि निर्वाचन हुने भएकाले तिनै तहका सरकारले यो वर्ष नयाँ नेतृत्व पाउने पक्का छ। देश संघियतामा गएपछिको पहिलो निर्वाचन भएकाले अघिल्लो पाली जनताले तिनै तहका सरकारबाट संघीयताको संस्थागत विकासबाहेक खासै ठुलो अपेक्षा राखेका थिएनन। नीति नियम तथा तिनै तहका सरकारको संरचना लगभग निर्माण भैसकेकाले अब आउने नयाँ नेतृत्वलले धेरैभन्दा धेरै काम गर्ने अपेक्षा जनताले गरेका छन्।

- राजन शिवभक्ति, बुटवल

हिजोका दिनसम्म के भए के भएनन त्यता नजाऔं। अब पनि जनप्रतिनिधीहरूले जनभावना बुझेर काम गरेनन भने तिनलाई कठघरामा उभ्याउन हामी सबै लाग्नुपर्छ। चुनाव अघि विभिन्न प्रतिवद्धता जाहेर गर्ने तर जितेपछि उही कामचलाउ ढंगमै कार्यकाल सकाउने प्रवृत्ति अब रहन दिनु हुन्न। प्रतिवद्धता गरे अनुसार सबै काम गर्न सकिन्न भने कम्तीमा पनि जनताको आधारभूत आवश्यक्ता बुझेर ससाना भए पनि काम पुरा गर्दै जानु होला। अब जनता बाठा भैसकेका छन, अब पनि हिजोका दिनमा जस्तै हिड्न खोजे परिणाम के हुन्छ, स्थानिय निकायको चुनावले सबैलाई पाठ सिकाइसकेको छ।

- विमला कठायत, धनगढी

## गजल



■ दिवाकर भट्टराई

थाहा छ ढुंगालाई, ढुंगाले पनि फुटाउन सक्छ
सम्बन्ध घन जस्तै होसु, कस्ले टुटाउन सक्छ।

आँखाभरिको आँसु, मलाई उपहारमा पठाउनु
मुहारमा खुशी देख्नेले इज्जत, लुटाउन सक्छ।

जसले जीवनमा सम्बन्धको पाठ, धेरै सिकाए!
उसैले फक्रेको प्रेमजोडीलाई, छुट्याउन सक्छ।

जीवनको सबैभन्दा ठूलो उपहार, साथी सम्झे!
शत्रुले विश्वास गर्दैन, साथीलाई कुटाउन सक्छ।

कठघरामा प्रेम सदैव रहस्यमय बनिरह्यो र बन्नेछ
फैसला त्यही भो, जसले बहुमत जुटाउन सक्छ॥

## वैदेशिक रोजगारीका सबै काम अनलाइनबाटै होस्

वैदेशिक रोजगार विभागले अनलाइनबाटै श्रम स्वीकृति दिन सुरु गरेको खबरले खुसी लागेको छ। अब श्रम स्वीकृति मात्र होइन वैदेशिक रोजगारीका हरेक प्रक्रिया अनलाइनबाटै पुरा गर्न सकिने बनाइयोस्। यसो हुन सके विदेशिन चाहने तथा विदेशिएका धेरै नेपालीले राहत महसुस् गर्ने थिए। यसका साथै वैदेशिक रोजगारीमा जादा विमानस्थलमा बेहोर्नुपर्ने झन्झट र विभेदको पनि अन्त्य हुन सके धेरै राम्रो हुने थियो।

- कबिर बजगाई, काठमाडौं

## सम्मान मात्र होइन पुनरुत्थानमा पनि ध्यान जाओस्

सरकारले विगत केही वर्षयता विदेशबाट फर्किएर स्वदेशमा उद्यम गर्नेहरूमध्ये उत्कृष्ट उद्यमीलाई सम्मान गर्ने कार्य थालेको छ, यो एकदमै राम्रो कामको सुरुवात पनि हो। अब यस्ता सम्मानका साथसाथै विदेशबाट फर्कन चाहने तथा फर्किएर केहि गर्न खोज्नेहरूका लागि सरकारले विशेष कार्यक्रम ल्याउन जरुरी छ। यसो हुन सकेमा विदेशमा ज्ञान, सीप र अनुभव हासिल गरेका धेरै युवाहरूले त्यसलाई स्वदेशमा उपयोग गर्न पाउने थिए। प्रवासमा रहेका धेरै नेपालीहरू देशमै केहि गर्ने वातावरण भए फर्कन आतुर भएर बसेका छन्।



- सुबास कार्की, कतार

**प्रिय पाठकवर्ग तपाईंहरूलाई हाम्रो पत्रिकाको बारेमा केही सल्लाह, सुझाव दिनु परेमा तथा रचना उपलब्ध गराउनु परेमा यस ठेगानामा सम्पर्क गर्न अनुरोध गरिन्छ।**

पो.ब.नं. १२०१८, काठमाडौं, फोन नं. ०१-४४३१०४३
इमेलः rojgaranch@gmail.com, www.rojgaranch.com

## विदेशिने लहडै चलेको छ



काम नपाएर विदेशिन बाध्य हुनु त स्वभाविक नै हो तर, धेरै जसो युवाहरूमा आफ्नै घरगाँउमा गरीखाने अवस्था हुदाहुदै पनि विदेश जाने लहड पलाएको छ। विदेशमा गएपछि के के न हुन्छ भनेर युवाशक्ति पलायन हुदा अहिले हरेकजसो गाँउघर उजाड बनिरहेको छ। गाँउघरमा अहिले बाटोघाटो, पानी, बिजुली सबै पुगिसकेको छ तर, युवाहरू नहुदा खेतीयोग्य जमिन पनि घास र झाडिले ढाकिसकेको छ। लेखक युवराज नयाँघरेको 'विदेश जाने !' लेखमा झै पासाङ पात्र अहिले जुनसुकै गाँउघरमा भेटिन्छन। आगामी दिनमा पनि उहाँका यस्तै यर्थाथ र मार्मिक विषयवस्तु पढन पाइयोस्।

- मञ्जु ठकुरी, युएई



AR_Jestha_2079_BW_press.indd 7 6/13/2022 9:29:57 PM



# उद्यमी, वैदेशिक रोजगारी र गैरआवासीय नेपालीलाई

# बजेटले जगाएको आशा

प्रत्येक वर्ष सरकारले बजेट ल्याउने गर्दछ। एक बर्षभरी देशको आर्थिक गतिविधी संचालानार्थ बजेट ल्याइन्छ। हरेक बर्षका बजेट अघिल्लोभन्दा सुधारोन्मूख र उत्कृष्ट भएको दावी सरकारको हुन्छ। सर्वसाधारणमा आशा जगाउनु बजेटको जीवन्त गुण हो। अर्थतन्त्रको प्रवृत्तिलाई पछ्याई आर्थिक क्रियाकलापलाई गतिशील बनाउनु बजेटको कार्य हो।

नेपालको पहिलो बजेट २००८ सालदेखि २०७९/०८० मा आइपुग्दा बजेटको आकार मात्र बदलिएको छैन, यसको संरचना, कार्यक्षेत्र, कार्यदर्शन, प्राथमिकता कार्यान्वयन विधि लगायतका थुप्रै आयाममा परिवर्तन आएको छ । बजेटले सबै क्षेत्रलाई समेट्दै आम जनताको आशा जगाउने काम भने गरेको छ तर बजेट कार्यान्वयन हुन नसक्दा निराशा पनि त्यत्तिकै रहिरहेका छन्। अहिलेको बजेट कोभिड महामारीपछि अर्थतन्त्रलाई सामान्यीकरणमा लैजानुपर्ने अवस्थामा आएको छ। अर्थतन्त्रलाई गति दिएर आर्थिक वृद्धि बढाउन, आर्थिक प्रोत्साहन दिन र सर्वसाधारणका लागि राहत घोषणामा बजेट केन्द्रित हुनु पर्ने भनाई अर्थबिद्हरूको छ।

अहिले स्थानीय तहहरूले पहिलो कार्य अवधि समापन गरी दोस्रो कार्य अवधि सुरु भएपछि बजेट आएको छ। पहिलो कार्य अवधिमा स्थानीय सरकारले गर्न नसकेका कामका लागि ऊर्जा दिने बजेट कति सक्षम र समय सापेक्ष आयो भनेर विवेचना गर्नुपर्ने स्थिति छ। साथै मुलुक अब प्रदेश र सङ्घीय संसद्को चुनावमा जाँदै छ। चुनावी सरकारका काम र चुनावपछि आउने सरकारको कामलाई समेत सम्बन्ध सूत्रमा राख्ने बजेट अहिलेको रहेको छ।

सरकारका अर्थमन्त्री जनार्दन शर्माले आगामी आर्थिक वर्ष २०७९/८० का लागि १७ खर्ब ९३ अर्ब ८३ करोड रुपैयाँको बजेट ल्याएका छन्। अर्थमन्त्री शर्माले प्रस्तुत गरेको बजेटमा आगामी आवमा चालु खर्च ७ खर्ब ५३ अर्ब ४० करोड, पुँजीगत खर्च ३ खर्ब ८० अर्ब ३८ करोड, वित्तीय व्यवस्थातर्फ २ खर्ब ३० अर्ब २२ करोड र प्रदेश तथा स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ ४ खर्ब २९ अर्ब ८३ करोड विनियोजन भएको छ।

आगामी आवमा सरकारले राजस्वबाट १२ खर्ब ४० अर्ब ११ करोड श्रोत जुटाउने लक्ष्य लिएको छ। यस्तै २ खर्ब ५६ अर्ब आन्तरिक ऋण उठाउने र ५५ अर्ब ४६ करोड वैदेशिक अनुदान लिने बजेटमा उल्लेख छ। त्यसपछि



AR_Jestha_2079_BW_press.indd 8 6/13/2022 9:29:57 PM

# बजेट महत्वाकांक्षी नभई वास्तविक हो : अर्थमन्त्री शर्मा



अर्थमन्त्री जनार्दन शर्माले आगामी आर्थिक वर्षका लागि प्रस्तुत गरेको बजेट अत्यन्तै संयमता अपनाएर स्रोत र साधनको उचित विनियोजन गरेर ल्याइएको बताएका छन् । मन्त्री शर्माले बजेट महत्वकांक्षी नभई सन्तुलित र वास्तविक भएको प्रतिक्रिया दिएका छन् ।

अर्थमन्त्री शर्माले चालू आवको तुलनामा आगामी आवको बजेट ९.८६ प्रतिशतले मात्रै बढी भएकाले यसलाई महत्वाकांक्षी भन्न नमिल्ने र संविधान र संघीयताको मर्मलाई मध्यनजर गरी बजेट तर्जुमा गरिएको बताएका छन् ।

उपलब्ध स्रोत, साधन, पूँजी र प्रविधिलाई जोडेर तीव्र उत्पादनतर्फ देशलाई लैजाने आजको आवश्यकता भएकाले सोहीअनुरुप बजेट तर्जुमा गरिएको र उत्पादनमूलक उद्योग, निर्यात प्रवर्द्धनलगायत विषयलाई बजेटले समेटेको मन्त्री शर्माको भनाइ छ । मुलुकको अर्थतन्त्र चलायमान बन्दै गएको र पर्यटनबाहेक सबै क्षेत्र पूर्ववतः अवस्थामा फर्किएको तथा राजस्व सङ्कलन पनि सन्तोषजनक रहेको मन्त्री शर्मा बताउँछन् ।

बाँकी स्रोत पूर्तिका लागि २ खर्ब ४२ अर्ब २६ करोड रुपैयाँ वैदेशिक ऋण लिइने अर्थमन्त्री शर्माले बजेट बक्तव्यमार्फत जानकारी दिएका छन् ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसका आधारमा वित्तीय समानीकरण अनुदानतर्फ प्रदेशलाई रु. ६१ अर्ब ४३ करोड र स्थानीय तहलाई रु. १ खर्ब २३ करोड, सशर्त अनुदानतर्फ प्रदेशलाई ५७ अर्ब १७ करोड र स्थानीय तहलाई १ खर्ब ८३ अर्ब ७२ करोड, समपूरक अनुदान स्वरुप प्रदेशलाई ६ अर्ब ३० करोड र स्थानीय तहलाई ७ अर्ब २७ करोड तथा विशेष अनुदानतर्फ प्रदेशलाई ४ अर्ब ५६ करोड र स्थानीय तहलाई ९ अर्ब १४ करोड रुपैया विनियोजन गरिएको छ । यस्तै राजश्व बाँडफाँटबाट प्रदेश र स्थानीय तहमा १ खर्ब ६३ अर्ब ३ करोड रकम हस्तान्तरण हुने अनुमान रहेको बजेटमा उल्लेख छ ।

पछिल्ला केही वर्षयता कोभिड महामारी नियन्त्रण र स्वास्थ्य संरचनामा ठूलो बजेट खर्च गरेको सरकारले यो पटक उत्पादन र पूर्वाधार निर्माणमा बजेट केन्द्रित गरेको छ । प्रस्तुत बजेटलाई आयातबाट उत्पादनतर्फ, जोखिमबाट समष्टिगत आर्थिक स्थिरतातर्फ र बञ्चितिकरणबाट समावेशीतातर्फको प्रस्थान बजेटकोरुपमा प्रस्तुत गरेको अर्थमन्त्री शर्माले बताए ।

आगामी वर्ष निर्यात दोब्बर गर्ने, आयात न्यूनतम २० प्रतिशतले घटाउने र आगामी पाँच वर्षभित्र व्यापार सन्तुलन कायम गर्ने तथा बार्षिक ३० प्रतिशतका दरले मर्यादित रोजगारी वृद्धि गर्ने बजेटमा उल्लेख छ ।

अर्थतन्त्रमा सिर्जना भएको गतिशिलता, पुनरुत्थान, निजी क्षेत्रको उत्साहप्रद लगानी र सरकारद्धारा आर्थिक तथा सामाजिक क्षेत्रमा गरेको लगानीबाट आगामी आर्थिक वर्ष ८ प्रतिशतका दरले आर्थिक वृद्धि हुने अपेक्षा राखेको उल्लेख गर्दै अर्थमन्त्री शर्माले यसका लागि मुद्रास्फीतिलाई ७ प्रतिशतमा सीमित राख्ने गरी नेपाल राष्ट्र बैंकले मौद्रिक नीति तर्जुमा गर्ने बताएका छन् ।

अर्थमन्त्री शर्माले बजेटको प्राथमिकतामा कृषि क्षेत्रको रुपान्तरण, सरकारी-निजी र सहकारी क्षेत्रको सहकार्यमा उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना र गरिबी निवारण, नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास, मानव संशाधन विकास, पूर्वाधार विकास र पुँजी निर्माण, जलविद्युत उत्पादन, प्रसारण लाइन विस्तार र ग्रामीण विद्युतीकरण, औधोगिक विकास, लगानी प्रवर्द्धन र पर्यटन क्षेत्रको पुनरुत्थान, वातावरण संरक्षण, विपद् व्यवस्थापन तथा जलवायु परिवर्तनका जोखिम न्यूनीकरण, प्रभावकारी सार्वजनिक सेवा र सुशासन प्रवर्द्धन तथा आवधिक निर्वाचन तथा वैज्ञानिक अनुसन्धान र विकास परेको बताएका छन् ।

आगामी आवको बजेट प्रस्तुत भएलगत्तै मिश्रित प्रतिक्रियाहरू आइरहेका छन् । विशेषगरी प्रमुख प्रतिपक्षि दल नेकपा एमालेले बजेट चुनाव केन्द्रित भएको र पपुलर बन्न खुद्रे कार्यक्रम ल्याएको आरोप लगाएको छ भने नीजि क्षेत्र तथा अन्य क्षेत्रले बजेट समयसान्दर्भिक राम्रो भएको प्रतिक्रिया दिएका छन् ।



## औधोगिक विकास र उद्यमशीलता प्रवर्द्धनमा जोड

स्वदेशी वस्तुको उत्पादन र प्रयोग बढाउन 'आफ्नै उत्पादन, आफ्नै उपभोग अभियान संचालन गर्दै सरकारी तथा सार्वजनिक निकायहरूमा स्वदेशी उत्पादन प्रयोग गर्नुपर्ने व्यवस्था मिलाउनुका साथै निजी क्षेत्रले संचालन गरेका 'मेक इन नेपाल तथा मेड इन नेपाल' जस्ता अभियानलाई सरकारबाट समेत आवश्यक सहयोग उपलब्ध गराइने बजेटमा उल्लेख छ ।

यस्तै उत्पादनमूलक उद्योगहरू स्थापना गर्न पूर्वाधार निर्माणका साथै मेशिनरी तथा औधोगिक कच्चा पदार्थको आयातमा सहुलियत प्रदान गर्ने, स्वदेशी कच्चा पदार्थमा आधारित र उच्च मूल्य अभिवृद्धि हुने वस्तु तथा सूचना प्रविधिसम्वन्धी सेवा निर्यात गर्ने उद्यमीहरूलाई थप प्रोत्साहन उपलब्ध गराइने जनाइएको छ ।



AR_Jestha_2079_BW_press.indd 9 6/13/2022 9:29:58 PM

# बजेट सकारात्मक छ : महासंघ

सरकारले ल्याएको आगामी आर्थिक वर्षको बजेटलाई नीजि क्षेत्रहरूको साझा संस्था नेपाल उद्योग वाणिज्य महासंघले स्वागत गरेको छ। बजेटले नेपाल उद्योग वाणिज्य महासंघले तयार पारेको राष्ट्रिय आर्थिक रुपान्तरण २०३० भिजन पेपरमा समावेश भएका बिषयहरू निर्यात प्रवर्द्धन, आयात प्रतिस्थापन र कोभिड पछिको नवउत्थान जस्ता विषयलाई केन्द्रविन्दुमा राखिएको छ। बजेटमा निजी क्षेत्र प्रवर्द्धनको छुट्टै शीर्षक समावेश हुनुले अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई बजेटले महत्व दिएको महासंघको बुझाई छ।

महासंघका अध्यक्ष शेखर गोल्छाले बजेटले निजी क्षेत्रका धेरैजसो माग सम्बोधन गरेको बताएका छन्। तर, केही उद्योगी व्यवसायीलाई बजेटले प्रतिकुल असर पारेको पनि उनले बताएका छन्। यसमा सुधारका लागि उनले अर्थमन्त्रीसँग मागसमेत गरेका छन् ।

नयाँ बजेटको कतै आलोचना र कतै समर्थन पाएकोमा बजेट निर्माणदेखि कार्यान्वयन गर्दा समेत गम्भीर भएर काम गर्नुपर्ने गोल्छाको भनाई छ। बजेटमा सत्तासीन दलले आफ्ना कार्यक्रमहरू ल्याउने प्रयास गर्नु स्वभाविक भए पनि त्यस्ता नीतिले आम सर्वसाधारण, व्यवसायी र अर्थतन्त्रमा के असर गर्छ भनेर ध्यान दिनुपर्ने गोल्छाको राय छ।

महासंघले गत वर्ष सार्वजनिक गरेको राष्ट्रिय आर्थिक रुपान्तरण २०३० भिजन पेपरले सन् २०३० सम्म एक अर्ब डलरको अर्थतन्त्र निर्माणका लागि प्राथमिकतामा राखिनुपर्ने १० क्षेत्र र १ सय इनिसिएटिभ्स पहिचान गरेर त्यकिो कार्यान्वयन शुरु भएको गोल्छाले बताए। उक्त भिजन पेपरको लक्ष्य पूरा गर्न सरकारले अहिले नै महासंघले विस्तृत खाकासहितको कार्ययोजना बुझाउन तयार रहेको गोल्छाको भनाई छ।

आगामी आर्थिक वर्ष निर्यात दोब्बर गर्ने, आयात न्यूनतम २० प्रतिशतले घटाउने लक्ष्य पनि सकारात्मक भएको गोल्छाको प्रतिक्रिया छ। १० करोड रुपैयाँसम्मको वैदेशिक लगानी स्वचालित माध्यमबाट अनुमति दिने र वैदेशिक लगानीको सीमा घटाइनुले लगानी भित्र्याउन सघाउने महासंघको बुझाई छ। महासंघले करिब डेढ दशक अघिदेखिनै उठाएको 'मेड इन नेपाल' अभियानको कार्यान्वयनलाई बजेटले समेटेकोमा महासंघले स्वागत गरेको छ।

युवा उद्यमशीलता विकास गर्न र नव-प्रवर्तन प्रवर्द्धन गर्न स्टार्टअप व्यवसायमा शुरुवाती पुँजी उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिदै परियोजनाको आधारमा ऋण उपलब्ध गराउने, वैदेशिक रोजगारीबाट फर्किएर व्यवसाय गर्नेहरूलाई प्रोत्साहन गर्ने च्यालेञ्ज फण्ड स्थापना गरी सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने व्यवस्था बजेटले समेटेको छ।

## आयात प्रतिस्थापन गर्दै निर्यात प्रवर्द्धन गरिने

आगामी वर्ष निर्यात दोब्बर गर्ने र आयात न्यूनतम २० प्रतिशतले घटाउँदै पाँच वर्षभित्र व्यापार सन्तुलन कायम गर्ने लक्ष्य बजेटले राखेको छ। जसका लागि चीनसँग भएको पारवहन सम्झौता बमोजिम उपलब्ध नाका तथा वन्दरगाह उपयोग गर्दै तेस्रो मुलुकसम्मको पहुँचलाई थप सहज बनाई अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धन गर्ने, वैदेशिक व्यापारको लागत कम गर्न व्यापार पूर्वाधारको विकासमा जोड दिने तथा व्यापार लजिष्टिक नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउने बजेटमा उल्लेख छ।

उच्च निर्यात सम्भावना भएका वस्तुको निर्यातमा ८ प्रतिशतसम्म नगद अनुदान दिने व्यवस्थाका साथै मुलुकमा औधोगिक क्षेत्रको विकास गर्न, वैदेशिक लगानी आकर्षित गर्न र उत्पादन वृद्धि एवं निर्यात प्रवर्द्धन गरी आयात प्रतिस्थापनमा योगदान पुग्ने गरी मासिक १० करोड रुपैयाभन्दा बढीको विद्युत खपत गर्ने उद्योगलाई विद्युत महसुलमा २ देखि १५ प्रतिशतसम्म छुट दिने व्यवस्था रहेको छ। यस्तै नेपाली निर्माण व्यवसायीलाई विदेशमा निर्माण व्यवसाय गर्न अनुमति प्रदान गर्ने कानुनी प्रवन्ध मिलाउने, यसबाट सेवा निर्यातको थप अवसर सिर्जना हुने विश्वास लिन सकिने जनाइएको छ।

## निजी क्षेत्रलाई आर्थिक वृद्धिको इन्जिनकोरुपमा स्थापित गर्ने

निजी क्षेत्रलाई आर्थिक वृद्धिको इन्जिनकोरुपमा स्थापित गर्दै उनीहरूको लगानी, उद्यमशीलता र अनुभवलाई मुलुकको आर्थिक विकासमा परिचालन गर्न व्यवसायमैत्री वातावरण निर्माण गर्ने सरकारको लक्ष्य रहेको छ। यसका लागि कानून तथा कर प्रणालीमा सुधार र पूर्वाधार सुविधा उपलब्ध गराइ उद्योग व्यवसाय गर्न लाग्ने समय र लागत घटाउने लक्ष्य बजेटमा लिइएको छ।

उत्पादनमूलक उद्योग स्थापना र संचालनमा प्रोत्साहन गर्दै औधोगिक बिकासको लागि वैदेशिक लगानी प्रवर्द्धन गरिने, निर्माणाधीन औधोगिक क्षेत्र र ग्रामहरूको निर्माण कार्य समयसीमा भित्रै सम्पन्न गरी संचालनमा ल्याउने, निजी क्षेत्रका रुग्ण उद्योगहरूलाई संचालनमा ल्याउन उत्प्रेरित गर्ने, उद्योग, व्यवसाय वा प्रतिष्ठानको नाममा रहेको हदवन्दीभन्दा बढी जग्गा धितो राखी कर्जा लिन, व्यवसाय टाट उल्टेमा विक्री गरी सरकारी राजस्व तिर्न र बैंक तथा वित्तिय संस्थाको कर्जा भुक्तानी गर्न पाउने व्यवस्था बजेटमा उल्लेख छ। यस्तै वैदेशिक लगानी आकर्षित गर्न सम्भावित मुलुकहरूसँग द्विपक्षीय समझदारी एवं दोहोरो करमुक्त सम्झौता गर्ने, वढी वैदेशिक लगानी भित्र्याउने व्यक्ति वा उद्यमीलाई राज्यकातर्फबाट विशेष सम्मान एवं सुविधा प्रदान गर्ने, निजी क्षेत्रलाई १०० भन्दा बढी युनिट रहने अपार्टमेन्टको बढीमा २० प्रतिशत युनिट विदेशी नागरिकलाई विदेशी मुद्रामा विक्री गर्न अनुमति दिने कानुनी व्यवस्था गरिने भएको छ।

> पछिल्ला केही वर्षयता कोभिड महामारी नियन्त्रण र स्वास्थ्य संरचनामा ठूलो बजेट खर्च गरेको सरकारले यो पटक उत्पादन र पूर्वाधार निर्माणमा बजेट केन्द्रित गरेको छ ।

कृषि कार्यका लागि आवश्यक पर्ने यन्त्र, उपकरण वा पाटपूर्जा उत्पादन गर्ने कृषि औजार कारखाना नेपालमा नै खोल्न प्रोत्साहन गर्न यस्तो उद्योग स्थापना गरेमा कारोवार सञ्चालन भएको मितिले ५ वर्षसम्म आयकर पूर्णरुपमा छुट दिने व्यवस्था बजेटले गरेको छ भने कर्णाली तथा सुदुरपश्चिम प्रदेशका पहाडी जिल्लाहरूमा १०० जनाभन्दा बढी नागरिकलाई प्रत्यक्ष रोजगारी प्रदान गर्नेगरी विशेष उद्योग स्थापना गरेमा सो उद्योगले कारोबार सुरु गरेको मितिले १५ वर्षसम्म आयकर पूर्ण रुपमा छुट दिने व्यवस्था बजेटमा गरिएको छ।

## दक्षता अभिवृद्धि, रोजगारी वृद्धि र स्वरोजगारमा जोड

संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा सीपमूलक व्यवसायीक तालिम संचालन गर्ने, बेरोजगार जनशक्तिको तथ्यांक अध्यावधिक गर्ने तथा कृषि तथा वन, पर्यटन, पूर्वाधार, सूचना प्रविधि, औधोगिक र घरेलु तथा साना उद्योग क्षेत्रलाई रोजगारी सिर्जनाको



AR_Jestha_2079_BW_press.indd 10 6/13/2022 9:29:58 PM

स्तम्भकोरुपमा विकास गर्ने, प्रधानमन्त्री रोजगार कार्यक्रमको ढाँचा परिमार्जन गर्ने, प्रत्येक वर्ष रोजगार सेवा केन्द्रमार्फत २ लाख सूचिकृत बेरोजगारलाई रोजगारी प्रदान गर्ने, कम्तीमा ५ लाख विपन्न बेरोजगार नागरिकलाई संघ, प्रदेश र स्थानीय तहबाट संचालन हुने १० करोडसम्मको विकास आयोजनामा संलग्न गराई रोजगारी प्रदान गर्ने लक्ष्य बजेटले राखेको छ।

युवाहरूलाई उत्पादनमूलक उद्यममा आकर्षण गर्न तालिम तथा शैक्षिक प्रमाणपत्रका आधारमा युवा स्टार्ट अप कार्यक्रम अन्तर्गत उद्यम प्रस्तावको धितोमा सहुलियतपूर्ण ऋण उपलब्ध गराइने, युवाहरूको उत्पादनशील क्षमता उपयोग गर्न युवा तथा साना व्यवसायिक स्वरोजगार कोषमार्फत थप १२ हजार युवालाई स्वरोजगार बनाउने गरी कार्यक्रम सञ्चालन गरिने, प्राविधिक तथा व्यवसायिक सीपसहितको कार्यक्रमलाई निरन्तरता, स्थानिय तह, बैंक तथा वित्तीय संस्थाहरूसँगको सहकार्यमा विजनेश इनक्युबेशन सेन्टरमार्फत १० हजार युवालाई उद्यमशीलता तालिम प्रदान गर्ने लक्ष्य बजेटले राखेको छ। यस्तै म्यादी प्रहरीलाई सञ्चित सुरक्षा बलको रुपमा उपयोग गर्न आवश्यक व्यवस्था मिलाउने, गृहिणीहरूलाई उत्पादनमूलक कार्यक्रमहरूमा संलग्न गराउन 'उद्यमी गृहिणी कार्यक्रम' सञ्चालन गर्ने, एक घरपरिवार एक रोजगार, एक बस्ती एक आर्थिक पहिचान, एक वडा एक बजारको अवधारणा कार्यान्वयन गर्न प्रदेश तथा स्थानीय तहको लागत साझेदारी र निजी क्षेत्रसँगको सहकार्यमा नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम संचालन गरिने भएको छ।

**नाममा मात्र वैदेशिक रोजगारी**

यस बर्षको बजेटमा वैदेशिक रोजगारीलाई विगतमा झैं सुरक्षित, व्यवस्थित तथा मर्यादित बनाइने भनिएको छ। बजेटले वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूको दक्षता अभिवृद्धि गर्न गन्तव्य मुलुकको माग अनुसार आवश्यक सीपमूलक तालिम प्रदान गर्ने, वैदेशिक रोजगारका नयाँ र आकर्षक गन्तव्य मुलुकहरूको पहिचान गरी विद्यमान श्रम सम्झौताको प्रभावकारिता अध्ययन तथा पुनरावलोकन गर्ने उल्लेख गरेको छ।

त्यसैगरी वैदेशिक रोजगार व्यवस्थापन सूचना प्रणालीलाई स्तरोन्नती गरी वैदेशिक रोजगारी सम्बद्ध सेवाहरू अनलाइन प्रणालीमार्फत प्रदान गर्ने व्यवस्था मिलाउने, हाल काठमाडौबाट प्रदान गरिदै आएको श्रम स्वीकृति काठमाडौ बाहिरका सबै श्रम तथा रोजगार कार्यालयमार्फत अनलाइन प्रणालीबाट उपलब्ध गराउने व्यवस्था मिलाउने बजेटमा उल्लेख छ।

श्रमिकको गन्तव्य, कामको किसिम, पारिश्रमिक तथा सामाजिक सुरक्षा सम्वन्धी विषयमा डिजिटल माध्यमबाट अग्रीम जानकारी दिने व्यवस्था मिलाउने, वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिक तथा निजको परिवारलाई प्रदान गरिने राहत, उद्धार तथा अन्य कल्याणकारी सेवा अनलाइन प्रणालीबाट प्रवाह गर्ने व्यवस्था मिलाउने भनिएको छ। वैदेशिक रोजगारीमा गएका व्यक्तिहरूलाई टेलिमेडिसिन सेवा प्रवाहका लागि आवश्यक व्यवस्था मिलाउने, वैदेशिक रोजगारीमा रहेका श्रमिकहरूका लागि उत्पादनमूलक क्षेत्रमा लगानी गरी प्रतिफल वितरण गर्ने गरि सञ्चित लगानी कोष संचालन गर्ने बजेटमा उल्लेख छ।

यस्तै बजेटमा वैदेशिक रोजगारबाट फर्केका नागरिकहरूलाई उनीहरूले आर्जन गरेको अनुभव, सीप, पुँजी लगानी गरी उत्पादन र स्वरोजगार क्षेत्रमा काम गर्न प्रोत्साहन गर्नुका साथै व्यवसाय सञ्चालनका लागि सहुलियतपूर्ण कर्जा प्रवाह गर्ने व्यवस्था मिलाउने जनाइएको छ। त्यसैगरी सातै प्रदेशमा बहुउद्धेश्यीय तालिम केन्द्र स्थापना गरी संचालन गर्ने, कार्यस्थलमा भेदभाव तथा हिंसा हुन नदिने, समान कामका लागि समान पारिश्रमिकको प्रभावकारी कार्यान्वयन गर्ने विषय समेटिएका छन्।

स्वरोजगार नागरिकलाई योगदानमा आधारित पेन्सन योजनामा आवद्ध गर्न आवश्यक व्यवस्था मिलाउने, निजी तथा अनौपचारिक क्षेत्र र वैदेशिक रोजगारीमा रहेका नागरिकलाई सामाजिक सुरक्षा कोषबाट सञ्चालित सामाजिक सुरक्षा योजनाहरूमा क्रमशः आवद्ध गर्दै लैजाने, योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिनुका साथै वैदेशिक रोजगारी तथा स्वरोजगारमा रहेका श्रमिकलाई सामाजिक सुरक्षा कोषमार्फत योगदानमा आधारित सामाजिक सुरक्षाको दायरामा आवद्ध गर्न आवश्यक व्यवस्था मिलाउने बजेटमा



## बजेट कार्यान्वयन होस् : चेम्बर अफ कमर्श

सरकारले प्रस्तुत गरेको आगामी आर्थिक वर्षको बजेट समग्रमा सकारात्मक रहेको तर उचित कार्यान्वयनमा सरकारले जोड दिनुपर्ने नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लले बताएका छन।

मल्लले नीजि क्षेत्रकातर्फबाट दिएको सुझाव बजेटमा समेटिएको धारणा राख्दै बजेटको आकार ठूलो बनाउने तर पछि कार्यान्वयन गर्दा घटाउनु पर्ने अवस्था आउन नदिन सरकार सचेत बन्नु पर्ने बताए। उनले वैदेशिक ऋण लिएर बजेटको आकार बढाउने काम गर्न नहुनेतर्फ पनि सरकारको ध्यानाकर्षण गराएका छन्।



AR_Jestha_2079_BW_press.indd 11 6/13/2022 9:29:59 PM

# बजेटले गैरआवासीय नेपालीलाई सम्बोधन गरेको छ-एनआरएनए

अर्थमन्त्री जनार्दन शर्माले प्रस्तुत गरेको बजेटमा गैरआवासीय नेपाली संघले उठाउदै आएका थुप्रै मागहरूलाई सम्बोधन गरिएको तथा गैरआवासीय नेपालीहरू लक्षित विभिन्न कार्यक्रमहरू घोषणा गरिएको भन्दै संघले त्यसको स्वागत गरेको छ। संघका अध्यक्षत्रय डा. बद्री के.सी, रविना थापा र कुल आचार्य तथा विनोद कुँवर नेतृत्वको संघले छुट्टाछुट्टै प्रेश विज्ञप्तीमार्फत बजेटको स्वागत गरेको हो।

बजेटमा विदेशी लगानीको न्यूनतम सीमा घटाउने कदम, १० करोडसम्मको वैदेशिक लगानीको स्वीकृति स्वचालित प्रणालीबाट हुने व्यवस्था, धितोपत्रको दोश्रो बजारमा गैरआवासीय नेपालीहरूको लगानी खुला गर्न कानूनी व्यवस्था मिलाउने र वैदेशिक रोजगारीमा गएका नेपालीहरूलाई धितोपत्रको प्राथमिक निष्काशनमा दश प्रतिशत शेयर आरक्षित गर्ने व्यवस्था स्वागतयोग्य रहेको संघको भनाइ छ।

यस्तै वैदेशिक लगानीसम्बन्धी कानून तथा प्रक्रियामा सुधार गर्ने, उद्योग स्थापनाको लागि आवश्यक पर्ने जग्गाको हदबन्दीसम्बन्धी व्यवस्था पुनरावलोकन गर्ने साथै उद्योग सञ्चालनका लागि ५० वर्षसम्म जग्गा लीजमा दिन सकिने व्यवस्था, आन्तरिक ऋण परिचालन गर्दा वैदेशिक रोजगारीमा गएका नागरिकहरू र गैरआवासीय नेपालीलाई लक्षित गरी ऋणपत्र जारी गर्ने व्यवस्था गरिनु खुसीको विषय भएको संघद्धारा जारी विज्ञप्तीमा उल्लेख छ।

संघले वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन नेपाल सरकारसंग सहकार्य गर्दै आएको स्मरण गराउदै वैदेशिक रोजगार सम्वद्ध सेवाहरूलाई अनलाइन प्रणालीमार्फत प्रदान गर्न व्यवस्था मिलाउने, वैदेशिक रोजगारीमा गएका व्यक्तिहरूलाई टेलीमेडिसिन सेवा प्रवाह गर्न आवश्यक व्यवस्था मिलाउने, वैदेशिक रोजगारीमा रहेका श्रमिकहरूका लागि संचित लगानी कोष संचालन गर्ने तथा वैदेशिक रोजगारबाट फर्किएका नागरिकलाई सहुलियत पूर्ण ऋणको व्यवस्था लगायतका प्रावधानहरू ल्याइनु राम्रो पक्ष भएको जनाएको छ।

यसै गरी वैदेशिक रोजगारीमा रहेका श्रमिकहरूलाई सामाजिक सुरक्षा कोषमार्फत योगदानमा आधारित सामाजिक सुरक्षाको दायरामा आवद्ध गर्ने तथा औपचारिक माध्यमबाट विप्रेषण पठाउने वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकलाई राहदानी नवीकरण, कन्सुलर सेवा तथा श्रम स्वीकृती नविकरण वापत लाग्ने शुल्क वा दस्तुरमा ५० प्रतिशत छुट दिने घोषणाको पनि संघले स्वागत गरेको छ।

संघले आफ्नो स्थापना कालदेखि नै संसारभरि फैलिएका गैरआवासीय नेपालीहरूसँग रहेको सीप, पूँजी र अनुभव नेपालको विकासमा उपयोग गर्न सक्दो प्रयास गर्दै आएको जनाउदै आउँदा दिनहरूमा पनि संघ नेपाल सरकारसँग हातेमालो गर्न तत्पर रहेको बताएको छ। आगामी आर्थिक वर्षको बजेटमा गरेका गैरआवासीय नेपालीसंग सम्बन्धित घोषणाहरूलाई व्यवस्थित र प्रभावकारी रुपमा कार्यान्वयन गर्न आग्रह गर्दै संघले यसको लागि आवश्यक सहयोग गर्न तयार रहेको जनाएको छ। साथै संघले गैरआवासीय नेपाली नागरिकताको कार्यान्वयन यथाशिघ्र हुने व्यवस्था मिलाउन पनि नेपाल सरकारलाई आग्रह गरेको छ।

उल्लेख छ। सरकारले आवश्यकता र औचित्यको आधारमा विदेशमा रहेका नियोगहरूको संख्या पुनरावलोकन गर्ने, नेपाली नियोगको भौतिक उपस्थित नरहेको स्थानमा भर्चुअल दूतावासको अवधारणा अन्तर्गत सेवा प्रवाहको व्यवस्था मिलाउने, विद्युतीय राहदानी सहज र सरल तवरले उपलब्ध गराउन राहदानी विभाग, जिल्ला प्रशासन कार्यालयहरू र विदेशस्थित नेपाली नियोगहरूमा स्रोतको प्रवन्ध गरिएको तथा कन्सुलर सेवा प्रवाह थप सहज, सरल र प्रभावकारी बनाउने भएको छ।

यस्तै बजेटमा औपचारिक माध्यमबाट विप्रेषण पठाउने वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकलाई राहदानी नविकरण, कन्सुलर सेवा तथा श्रम स्वीकृति नविकरण वापत लाग्ने शुल्क वा दस्तुरमा ५० प्रतिशत छुटको व्यवस्था गरिएको छ।

### कोभिडबाट प्रभावित व्यवसायीलाई राहत

आगामी वर्ष थप १० लाख पर्यटक भित्र्याउने लक्ष्य सरकारले लिएको छ। यसका लागि पर्यटक लक्षित कार्यक्रम संचालन गर्ने, कोभिड १९ प्रभावित होटल लगायत पर्यटन क्षेत्र सम्वद्ध व्यवसायको आगामी आर्थिक वर्षको वार्षिक ईजाजत र नविकरण दस्तुर छुट दिने, पर्यटन क्षेत्रको पुनरुत्थानको लागि प्रवाह हुने सहुलियतपूर्ण कर्जालाई निरन्तरता दिने अर्थमन्त्री शर्माले बताएका छन्। आगामी आर्थिक वर्ष व्यक्तिको हकमा रु ५ लाख र दम्पत्तिको हकमा रु ६ लाख आयकर छुटको व्यवस्था गरिएको छ भने कोभिड १९ को महामारीबाट प्रभावित साना व्यवसायीहरूलाई राहत प्रदान गर्न आर्थिक वर्ष २०७८/७९ को आयमा ३० लाख रुपैयासम्मको कारोबार भएका करदातालाई ७५ प्रतिशत र वार्षिक ३० लाखदेखि १ करोड रुपैयासम्मको कारोबार भएका करदातालाई ५० प्रतिशतसम्म आयकर छुटको व्यवस्था बजेटले गरेको छ। कोभिड १९ को महामारीबाट बढी प्रभावित भएका होटल, ट्राभल, ट्रेकिङ, चलचित्र व्यवसाय जस्ता पर्यटन उद्योगको आर्थिक वर्ष २०७८/७९ को उद्देश्य बमोजिमको व्यवसायिक करयोग्य आयमा ५० प्रतिशत कर छुटको व्यवस्था बजेटले गरेको छ।

### गैरआवासीय नेपालीको लगानी भित्र्याउन प्रोत्साहन

उत्पादनमूलक एवं निर्यातजन्य उद्योगमा वैदेशिक लगानी आकर्षण गर्न एवं गैरआवासीय नेपालीको लगानी भित्र्याउन वैदेशिक लगानीसम्बन्धी कानून तथा प्रक्रियामा सुधार गर्ने तथा उद्योग स्थापनाको लागि आवश्यक पर्ने जग्गाको हदबन्दीसम्बन्धी व्यवस्था पुनरावलोकन गर्दै ५० वर्षसम्म जग्गा लीजमा दिन सकिने व्यवस्था मिलाउने बजेटमा उल्लेख छ।

यस्तै विदेशी लगानीको न्यूनतम सीमा पुनरावलोकन गरी रु. २ करोड कायम गर्ने र वैदेशिक लगानी आकर्षित गर्न रु. १० करोडसम्मको वैदेशिक लगानीको स्वीकृति स्वचालित प्रणालीबाट हुने व्यवस्था मिलाइने भएको छ। ठुला लगानीकर्ताले विद्युतीय माध्यमबाट प्रत्यक्ष वैदेशिक लगानी स्वीकृतिको माग गरे पूर्वतयारीका कार्य गर्न सक्ने गरी ७ दिनभित्र प्रारम्भिक स्वीकृति प्रदान गर्ने तथा लगानी स्वीकृति र उद्योग संचालनसम्वन्धी बाँकी प्रक्रिया ६ महिनाभित्र पुरा गरिसक्नुपर्ने व्यवस्था गरिएको छ। बजेटमा धितोपत्रको दोश्रो बजारमा गैरआवासीय नेपालीहरूको लगानी खुला गर्न कानूनी व्यवस्था मिलाउने, वैदेशिक रोजगारीमा गएका नेपालीहरूलाई धितोपत्रको प्राथमिक निष्काशनमा दश प्रतिशत शेयर आरक्षितको व्यवस्था पनि गरिएको छ।



AR_Jestha_2079_BW_press.indd 12 6/13/2022 9:29:59 PM




# वैदेशिक रोजगार बचतपत्र विशेषता धेरै, आकर्षण न्यून

> सरकारले आन्तरिक ऋण उठाउने लक्ष्य प्राप्तीका लागि २०६६/६७ बाट कार्यविधि नै बनाएर वैदेशिक रोजगार बचतपत्र बिक्रि शुरु गरेपनि यो अझसम्म पनि अपेक्षाकृत सफल हुन सकेको छैन ।

सरकारले विदेशमा बस्ने नेपाली र उनीहरूको परिवारलाई लक्षित गरेर विगत १ दशकबाट नियमितरुपमा वैदेशिक रोजगार बचतपत्र निष्काशन गर्दै आएको छ। निकै आकर्षक अफरसहित बचतपत्र ल्याइएपनि लक्षितवर्गको ध्यान तान्न भने सकेको छैन। अपेक्षाकृतरुपमा वैदेशिक रोजगार बचतपत्र विक्रि हुन नसक्दा नेपाल राष्ट्र बैंक तथा विक्रि एजेण्टहरूलाई निकै सकस परिरहेको छ। लक्षित बर्गले बचतपत्रका बारेमा पर्याप्त जानकारी नपाउनु, खरिद प्रकृया केही झण्झटिलो हुनु र बचतपत्र खरिद गर्दाका फाइदाहरू राम्ररी बुझाउन नसक्दा यसमा आकर्षण बढ्न नसकेको धेरैको बुझाई छ।

नेपाल राष्ट्र बैंकले अहिले ५० करोड रुपैया बराबरको वैदेशिक रोजगार बचतपत्र २०८४ निष्काशन गरेको छ। १२.५ प्रतिशत व्याजदर रहेको बचतपत्र यही जेठ १८ गतेदेखि असार ६ गतेसम्म बिक्रि खुल्ला भएको छ। यो बचतपत्र निष्काशनको प्रमुख उद्देश्य मुलुक बाहिर रोजगारीमा संलग्न नेपाली नागरिक वा गैर-आवासीय नेपालीले विदेशमा आर्जन गरेको रकम लगानी गर्न प्रोत्साहित गर्ने, वैधानिक माध्यमबाट विदेशी मुद्रा भित्र्याउने र देश विकासको निमित्त वित्तीय साधन जुटाउनु रहेको सरकारले जनाएको छ।

सरकारले आन्तरिक ऋण उठाउने लक्ष्य प्राप्तीका लागि २०६६/६७ बाट कार्यविधि नै बनाएर वैदेशिक रोजगार बचतपत्र बिक्रि शुरु गरेपनि यो अझसम्म पनि अपेक्षाकृत सफल हुन सकेको छैन। यो अवधि सम्ममा राष्ट्र बैंकले १३ अर्ब ५८ करोड ७९ लाख रुपैयाँ बराबरको वैदेशिक रोजगार बचतपत्र जारी गरेकोमा जम्मा ६७ करोड ९२ लाख रुपैयाँको मात्रै बिक्री भएको छ।

आर्थिक वर्ष २०६६/०६७ मा पहिलोपटक ९.९५ प्रतिशत व्याजदरसहित १ अर्ब रुपैयाँको बचतपत्र निष्काशन भएकोमा उक्त वर्ष जम्मा ४० लाख रुपैयाँको मात्रै बिक्री भएको थियो। यस्तै २०६७/०६८ मा १०.५० प्रतिशत व्याजदरसहित ५ अर्ब रुपैयाँको बचतपत्र निष्काशन गर्दा ३३ लाख ८० हजार रुपैयाँको मात्रै बिक्री भयो भने २०६८/०६९ मा १० प्रतिशत व्याजदरमा १ अर्बको बचतपत्र निष्काशन ८६ लाख ६० हजार रुपैयाँको बचतपत्र बिक्री भएको थियो। यी ३ वर्ष निष्कासन भएको १ प्रतिशत पनि बचतपत्र बिक्रि हुन सकेन।

यसपछि विस्तारै बचतपत्र बिक्रि बढेपनि त्यो अझै उत्साहजनक हुन सकेको छैन। २०६९/०७० मा निष्काशन भएको १ अर्बको बचतपत्रमध्ये ४ करोड २८ लाख रुपैयाँको बिक्रि भयो। यस्तै २०७०/०७१ मा दुई पटक गरी ५० करोडको निष्काशन गर्दा ७ करोड ६४ लाख रुपैयाँको, २०७१/०७२ मा २५ करोडको बचतपत्र निष्काशन गर्दा ८ करोड ३७ लाख रुपैयाँको बिक्री, २०७२/०७३ मा ३ पटकमा ८३ करोड ७९ लाख बराबरको निष्कासन भएकोमा २७ करोड ४५ लाख १५ हजार रुपैयाँ बराबरको बचतपत्र बिक्री भएको थियो।

आव २०७३/०७४ मा ३ पटकमा १ अर्बको बचतपत्र निष्काशन भएकोमा ५



AR_Jestha_2079_BW_press.indd 13 6/13/2022 9:30:00 PM

> वैदेशिक रोजगारीमा रहेका नेपालीहरू, गैरआवासीय नेपाली तथा विदेशबाट फर्किएको ६ महिना नकटेका नेपालीहरू तथा उनीहरूको एकाघरको परिवारका सदस्यले खरिद गर्न सक्ने वैदेशिक रोजगार बचतपत्रमा अत्याधिक ब्याज प्राप्त हुने तथा धितो राखेर ऋण लिन र चाहेको बेला बेच्न सकिने हुँदा पनि यसप्रति आकर्षण बढ्दै जाने अपेक्षा राष्ट्र बैंकको छ ।

करोड २१ लाख ३५ हजार रुपैयाँ बराबरको मात्रै बचतपत्र बिक्री भएको थियो भने आव २०७४/०७५ मा ३ पटक बचतपत्र निष्कासन भएको देखिन्छ। सो अवधिमा १ अर्बको बचतपत्र निष्काशन भएकोमा ४ करोड ११ लाख रुपैँया बराबरको मात्रै बचतपत्र बिक्री भएको देखिन्छ। आर्थिक वर्ष २०७५/०७६ मा वैदेशिक रोजगार बचतपत्र निष्कासन भएन भने आर्थिक वर्ष २०७६/०७७ मा दुईपटक गरेर ६० करोड बराबरको बचतपत्र निष्कासन भएकोमा ४२ लाख २० हजार मात्रै बिक्री भएको छ।

बैंकमा राख्ने निक्षेपको तुलनामा आकर्षक ब्याजदर हुँदा पनि वैदेशिक रोजगार बचतपत्रमा आकर्षण बढ्न नसक्नुमा विदेशमा रहेका नेपालीमाझ यसबारे यथेष्ट सूचना पुर्‍याउन नसक्नु मुख्य कारण रहेको विज्ञहरूले औल्याउदै आएका छन। तथापी यसअघि उच्चतम १० प्रतिशत व्याजदर रहेको बचतपत्रमा यसपटक सामान्यतया बाणिज्य बैंकहरूबाट पाउने भन्दा बढी १२.५ प्रतिशत व्याजदर प्रदान गरिएको हुँदा केहि आकर्षण बढ्ने अपेक्षा गरिएको छ।

वैदेशिक रोजगारीमा रहेका नेपालीहरू, गैरआवासीय नेपाली तथा विदेशबाट फर्किएको ६ महिना नकटेका नेपालीहरू तथा उनीहरूको एकाघरको परिवारका सदस्यले खरिद गर्न सक्ने वैदेशिक रोजगार बचतपत्रमा अत्याधिक ब्याज प्राप्त हुने तथा धितो राखेर ऋण लिन र चाहेको बेला बेच्न सकिने हुँदा पनि यसप्रति आकर्षण बढ्दै जाने अपेक्षा राष्ट्र बैंकको छ।

न्यूनतम १० हजार तथा १० हजारले भाग जाने रकम बराबर किन्न सकिने यो बचतपत्र किनिसकेपछि ६-६ महिनामा सीधै बैंक खातामै व्याज भुक्तानी हुने तथा नेपालभरको जुनसुकै बैंकमार्फत सावा भुक्तानी लिन, ऋण लिन तथा विक्री गर्न सकिने हुँदा यसमा कुनै झण्झटिलो प्रावधान नरहेको नेपाल राष्ट्र बैंकका उपनिर्देशक राजनबाबु पाण्डे बताउँछन्।

'वैदेशिक रोजगार बचतपत्र प्राथमिक निष्काशनका बेलाका साथै सेकेण्डरी ट्रान्जेक्सन र मार्केट मेकरमार्फत पनि किन्न सकिन्छ' उपनिर्देशक पाण्डे भन्छन्-'वैदेशिक रोजगारीका क्रममा दुःख गरेर कमाएको रकम बचतपत्रमा लगानी गर्दा उच्चतम प्रतिफलसहित भोलि रोजगारीबाट फर्किएपछि पनि उपयोगी हुन्छ।'

यसरी बचतपत्रमा लगानी गर्दा यो रकम सरकारले विकास निर्माण तथा उत्पादनमूलक क्षेत्रमा लगाउने हुँदा राष्ट्रलाई पनि योगदान पुर्‍याएको अपनत्व हुने तथा आफ्नै भविश्य पनि सुनिश्चित हुने सरकारी पक्षको भनाई छ।

यो पटक वैदेशिक रोजगार बचतपत्र विक्रिका लागि गैरआवासीय नेपाली संघले पनि विशेष चासो राखेको छ। देशको आर्थिक समृद्धिका लागि उपयोगी, राम्रो व्याजदर तथा लगानी सुनिश्चितताको ग्यारेन्टी रहेको हुँदा पनि विदेशमा रहेका नेपालीहरूलाई बचतपत्रमा लगानीको अवसर नगुमाउन गैरआवासीय नेपाली संघका अध्यक्ष डा. बद्री केसीको आग्रह छ।

नेपाल सरकारले संचालन गरेको यो अभियानलाई सफल बनाउन गैरआवासिय नेपाली संघले सक्दो भूमिका खेल्ने जनाउँदै अध्यक्ष केसी देशमा लगानी बढ्ने, सहयोग गर्ने भावना बढ्ने र मुनाफा पनि पाइने हुँदा थोरै डलर आफ्नो खातामा राख्नुभन्दा बचतपत्रमा लगानी गर्न सबैलाई सुझाव दिन्छन्।

**किन बढ्न सकेन आकर्षण**

वैदेशिक रोजगार बचतपत्रप्रति आकर्षण बढ्न नसक्नुमा सबैभन्दा प्रमुख कारण यसका फाइदा र सकारात्मक पक्ष लक्षित वर्गसम्म पुर्‍याउन नसक्नु नै हो। सीमित अवधि समय दिएर विक्रि खुल्ला हुने हुँदा तथा समयमै सुचना पाउन नसक्दा पनि बचतपत्र बिक्रि बढ्न नसकेको राष्ट्र बैंक स्वयंले स्वीकार गरेको छ।

अर्कोतिर यसपटक व्याजदर बढाइए पनि यसअघि बाणिज्य बैंकहरूले मुद्धति निक्षेपमा दिदै आएका व्याजदरकै हाराहारीमा मात्र व्याजदर रहनु तथा बचतपत्र किन्न आकर्षित गर्ने खासै स्कीमहरू नरहँदा पनि बचतपत्र किन्न खासै चासो नदेखिएको पाइन्छ। सरकारले बचतपत्र बिक्रिबाट प्राप्त रकम उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने भएकाले आयोजना नै तोकेर तथा त्यसबाट थप फाइदा प्राप्त गर्न सकिने गरी बचतपत्र निष्काशन गर्ने हो भने यसप्रतिको आकर्षण बढ्ने सरोकारवालाहरू बताउँछन्।

वैदेशिक रोजगारीमा गएका अधिकांश व्यक्तिहरूको कमाइ मुख्यगरी घरपरिवारको आवश्यकता पुरा गर्न र गुजारा गर्नमै खर्च हुन्छ। उता कमाएको रकम विदेश जाँदा लागेको ऋण तिर्न तथा घरायसी आवश्यकता जोड्न पनि खर्च हुने भएकाले प्रायको बचत कम हुने गर्छ। यस्तो अवस्थामा ५ वर्षे समयावधीको बचतपत्र खरिदमा खासै चासो नदेखिएको वैदेशिक रोजगार विज्ञ डा. गणेश गुरुङको भनाई छ। बचतपत्रबाट प्राप्त

## लक्ष्य अनुसार बिक्रि हुने अपेक्षा छ



**विष्णुकुमार विश्वकर्मा**
उपनिर्देशक, नेपाल राष्ट्र बैंक

वैदेशिक रोजगार बचतपत्र सरकारले आन्तरिक ऋण परिचालन गर्ने, उठाउने एवं परिचालन गर्ने औजार हो। २०६७-०६८ बाट नेपाल सरकारले कार्यविधि नै बनाएर बचतपत्र निष्काशन गर्ने निर्देश प्राप्त भएबमोजिम राष्ट्र बैंकले विगत एक दशकबाट बचतपत्र निष्काशन गर्न सुरु गरेको हो।

विगतमा राष्ट्र बैंक र बचतपत्र खरिदकर्ताबीच सूचना आदानप्रदानको कमीले सोचेअनुसार वैदेशिक रोजगार बचतपत्र बिक्रि गर्न नसकिएको होकी भन्ने महसुस गर्दै यसपटक हामीले प्रचारप्रसारलाई आक्रमक बनाएका छौ। व्याजदर पनि बाणिज्य बैंकहरूले मुद्धति निक्षेपमा दिने भन्दा धेरै १२.५ प्रतिशत रहेको हुँदा यस पटक लक्ष्य अनुसार विक्रि हुने हाम्रो अपेक्षा छ।

विदेशमै गएर प्रचारप्रसार गर्नेदेखि लिएर गैरआवासीय नेपाली संघ, परराष्ट्र मन्त्रालयमार्फत विदेशमा रहेका कुटनैतिक निकाय, वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार बोर्ड, रेमिट्यान्स कम्पनी, बैंक तथा वित्तिय संस्था, पत्रपत्रिकामार्फत सूचना प्रवाह गरेका छौं। यसका साथै सातै प्रदेशमा सरोकारवालाहरूको सहकार्यमा अन्तक्रिया कार्यक्रम गरेका छौं।



AR_Jestha_2079_BW_press.indd 14 6/13/2022 9:30:00 PM

# अनलाइनबाटै बचतपत्रको आवेदन दिन सकिन्छ



**राजनबाबु पाण्डे**
उपनिर्देशक, नेपाल राष्ट्र बैंक

वैदेशिक रोजगारीमा रहेका नेपालीहरू, गैरआवासीय नेपाली तथा विदेशबाट फर्किएको ६ महिना नकटेका नेपालीहरू तथा उनीहरूको एकाघरको परिवारका सदस्यले खरिद गर्न सक्ने वैदेशिक रोजगार बचतपत्रमा अत्याधिक ब्याज प्राप्त हुने तथा धितो राखेर ऋण लिन र चाहेको बेला बेच्न सकिने हुँदा पनि यसप्रति आकर्षण बढ्दै जाने अपेक्षा हाम्रो छ।

वैदेशिक रोजगार बचतपत्र किनिसकेपछि ६-६ महिनामा सीधै बैंक खातामै व्याज भुक्तानी हुने तथा नेपालभरको जुनसुकै बैंकमार्फत सावा भुक्तानी लिन, ऋण लिन तथा विक्री गर्न सकिने हुँदा यसमा कुनै झण्झटिलो प्रावधान छैन। अर्कोतर्फ सेवाग्राहीको सहजताका लागि यसपटकदेखि अनलाइनबाटै बचतपत्र खरिदको आवेदन दिन सकिने व्यवस्था गरेका छौ।

वैदेशिक रोजगार बचतपत्र प्राथमिक निष्कासनका बेलाका साथै सेकेण्डरी ट्रान्जेक्सन र मार्केट मेकरमार्फत पनि किन्न सकिन्छ। वैदेशिक रोजगारीका क्रममा दुःख गरेर कमाएको रकम यसरी बचतपत्रमा लगानी गर्दा यो रकम सरकारले विकास निर्माण तथा उत्पादनमूलक क्षेत्रमा लगाउने हुँदा राष्ट्रलाई पनि योगदान पुऱ्याएको अपनत्व हुने तथा आफ्नै भोलिको भविश्य पनि सुनिश्चित हुने हुँदा यो अवसर नगुमाउन हाम्रो आग्रह छ।

हुने प्रतिफल, यसबाट लिन सकिने फाइदा तथा यसको उपयोगीताबारे बुझाउन सके स-साना बचत रकम पनि बचतपत्र खरिदमा आकर्षित गर्न सकिने गुरुङको सुझाव छ।

विदेशमा रहेका तथा विदेश जाने तयारीमा रहेका अधिकांश कामदारहरूलाई वैदेशिक रोजगार बचतपत्रका बारेमा प्रयाप्त जानकारी नै छैन। त्यसैले पनि उनीहरू बचतपत्र खरिद गर्ने झन्झटमा पर्नै चाहदैनन। 'वैदेशिक रोजगार बचतपत्र भन्ने सुनेको चाहि हो, तर यसबारे केहि जानकारी नै छैन, बेकारमा झन्झटमा के फस्नु भनेर त्यसबारे सोचेकै छैन' विगत ५ वर्षदेखि कतारमा रोजगारी गर्दै आएका दोलखाका हिमाल कार्की भन्छन- 'बल्ल-बल्ल अलिअलि रकम बच्छ, त्यो पनि थाहै नभएको ठाँउमा कसरी लगानी गर्नु ? व्याजकै लागि त बैंकमै पैसा राखे भैहाल्यो नी !'

नेपाल राष्ट्र बैंकले पटक-पटक बचतपत्रको प्रचारप्रसारका लागि वैदेशिक रोजगारमा कार्यरत मुलुकहरूमा गएर प्रयास नगरेको पनि होइन तरपनि यो सोचेअनुरुप प्रभावकारी बन्न नसकेपछि यसपटकदेखि गैरआवासीय नेपाली संघलगायत सरोकारित निकाय, संस्थाहरू तथा कुटनैतिक नियोगहरूसँग सहकार्य गरेर सूचना प्रवाहमा अघि बढेको नेपाल राष्ट्र बैंकका उपनिर्देशक विष्णुकुमार विश्वकर्माले जानकारी दिए।

विगतमा वैदेशिक रोजगार बचतपत्रबारे यथेष्ट सूचना प्रवाह गर्न नसक्दा नै यसप्रति आकर्षित गराउन नसकिएको स्वीकार्दै उपनिर्देशक विश्वकर्माले यस पटक राष्ट्र बैंकले प्रचारप्रसारलाई आक्रमक बनाएको बताए। 'विदेशमै गएर तथा एनआरएनए, परराष्ट्र मन्त्रालयमार्फत विभिन्न देशमा रहेका कुटनैतिक निकाय, वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार बोर्डलगायतका संस्थाहरूमार्फत यसबारे जानकारी प्रवाह गर्ने काम गरेका छौ भने पत्रपत्रिकामा सूचना प्रवाह गर्नेदेखि लिएर सातै प्रदेशमा सरोकारित निकायसँगको सहकार्यमा अन्तक्रिया कार्यक्रम सम्पन्न गरेका छौ, यस्तै मार्केट मेकर र बैंक तथा वित्तिय संस्थाहरूलाई पनि सूचना प्रवाहमा परिचालन गरेका छौ' उपनिर्देशक विश्वकर्माले भने।

नेपाल रेमिटर्स एशोसिएसनका अध्यक्ष तथा बचतपत्र विक्रि प्रवन्धकसमेत रहेको सिटी एक्सप्रेस मनि ट्रान्सफरका प्रवन्ध निर्देशक चन्द्र टन्डन पनि विगतका दिनमा सोचेजस्तो जनचेतना फैलाउन नसक्दा नै बचतपत्र बिक्रिमा उत्साह नदेखिएको स्वीकार्दै अहिले नेपाल रेमिटर्स एशोसिएशनसँग आवद्ध व्यवसायीहरूले आफ्नोतर्फबाट सक्दो प्रयास गरिरहेको र सरकारले पनि विदेशमा रहेका कुटनैतिक निकायलाई भरपूर उपयोग गर्नुपर्ने धारणा राख्छन्।

बचतपत्रमा सरकार आफैं ग्यारेन्टी हुने हुँदा कुनै पनि जोखिम नहुने तथा अहिलेको परिवेशमा उच्चतम व्याजदर रहेको हुँदा अवसर खेर नफाल्न वैदेशिक रोजगारीमा रहेका सम्पूर्ण नेपालीलाई एशोसिएशनका अध्यक्ष टन्डनको आग्रह छ। 'अहिलेको परिवेशमा बैंकहरूले दिने व्याजभन्दा पनि बढी व्याज पाइने हुँदा नेपाल राष्ट्र बैंक तथा नेपाल सरकारले ल्याएको यो पोलिसिलाई सपोर्ट गर्न विदेशमा रहनुभएका सम्पूर्ण नेपालीलाई आब्हान गर्दछौ' टन्डनले भने। बचतपत्र धेरैभन्दा धेरै कसरी विक्रि गर्न सकिन्छ भनेर नै विदेशमा रहेका

# यो अवसर नगुमाउनु होला



**चन्द्र टन्डन**, अध्यक्ष
नेपाल रेमिट्र्स एशोसिएशन

बिगत वर्षहरूमा झै नेपाल राष्ट्र बैंकले वैदेशिक रोजगार बचतपत्र २०८४ भनेर निकालेको छ। यसको ब्याज १२.५ प्रतिशत छ र ६/६ महिनामा व्याज प्राप्त गर्न सकिन्छ सरकारको ग्यारेन्टी रहने हुँदा तथा बैंकको भन्दा उच्च व्याजदर रहेको हुदा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरूलाई यो अवसर नगुमाउन र नेपाल राष्ट्र बैंक तथा नेपाल सरकारको पोलिसिलाई सपोर्ट गर्न अनुरोध गर्दछौ।

हामी नेपाल रेमिटर्स एशोसिएशनसँग आवद्ध व्यवसायीहरू सबैले आ-आफ्नो सञ्जालमार्फत यसका फाइदाहरूबारे जनचेतना फैलाउने काम गरिरहेका छौ। सरकारले पनि आफ्नो विदेशमा रहेका कुटनैतिक नियोगहरूलाई भरपूर उपयोग गर्दै अघि बढनुपर्छ भन्ने हाम्रो आग्रह छ। विगतमा पनि हामीले सोचेजस्तो प्रचारप्रसार गर्न नसकेको कारणले गर्दा अथवा विदेशमा बस्ने नेपालीहरूलाई यस सम्बन्धी राम्रो नलेज ट्रान्सफर गर्न नसक्दा बचतपत्र नबिकेको जस्तो लाग्छ। अब हामी सबै यो योजना सफल बनाउन लाग्नुपर्छ, यसो हुन सकेका बचतपत्र बिक्रिको लक्ष्य हासिल गर्न सकिन्छ भन्ने विश्वास लिएका छौ।



AR_Jestha_2079_BW_press.indd 15 6/13/2022 9:30:00 PM

# बचत पत्र खरिद गर्दा राष्ट्रलाई पनि सहयोग पुग्छ



**डा. बद्री केसी**
अध्यक्ष, एनआरएनए

नेपाल राष्ट्र बैंकले गैरआबासीय नेपाली, वैदेशिक रोजगारमा रहेका नेपाली र वैदेशिक रोजगारबाट नेपाल फर्कीसकेका नेपालीहरूलाई लक्षित गरि आकर्षक ब्याजदरको ५ बर्षिय वैदेशिक रोजगार बचतपत्र जारी हुनु सकारात्मक हो। विदेशमा रहेका नेपालीहरूको पैसालाई बचत गराउने उद्देश्यले निष्कासित बचतपत्र यसपटकबाट अनलाइनमार्फत आबेदन भर्न सक्ने व्यवस्था गरिएकोले सम्पूर्ण गैरआबासीय नेपालीलाई उक्त अवसरको सदुपयोग गर्न अनुरोध पनि गर्दछु। समयमानै उच्च मुनाफा प्राप्त हुने नेपाल राष्ट्र बैंकको बचतपत्रमा लगानी गर्दा आफुलाई मात्र नभएर राष्ट्रलाई पनि सहयोग पुग्नेछ।

प्रतिनिधीहरूमार्फत व्यापक तयारी गरिरहेको सिटी एक्सप्रेस मनि ट्रान्सफरले जनाएको छ। आफ्ना काउन्टरमार्फत तथा नेपालीहरू कार्यरत कम्पनीमै पुगेर बचतपत्रका बारेमा सूसुचित गराउने काम भइरहेको हुँदा यसपटक बचतपत्र राम्रो विक्रि हुने अपेक्षा गरेको सिटी एक्सप्रेसका चिफ विजनेश अफिसर श्याम लामिछानेले जानकारी दिए।

यस्तै बचतपत्रको बिक्रि प्रवन्धक रहेको प्रभु बैंकले पनि आफ्नो संजाल तथा विदेशमा रहेका प्रतिनिधीहरूमार्फत वैदेशिक रोजगार बचतपत्रको फाइदाबारे बुझ्नाउदै मार्केटिङ गर्ने, किन्न उत्प्रेरित गर्ने र खरिद सहजिकरण गर्ने काम गरिरहेको जनाएको छ। 'अहिले भने राष्ट्र बैंकले सूचना प्रवाह गर्ने काममा अलि जोड दिएको महसुस गरेका छौ र हामीले पनि हाम्रोतर्फबाट कसरी बढीभन्दा बढी बचतपत्र बिक्रि गर्न सकिन्छ भनेर सक्दो कोसिस गरिरहेका छौ' प्रभु बैंकका ग्लोबल मार्केट डिपार्टमेन्ट प्रमुख द्रोणप्रसाद धमलाले भने।

### अनलाइनबाटै खरिद गर्न सकिने

सुरुमा वैदेशिक रोजगार बचतपत्र खरिदका लागि भौतिकरुपमै उपस्थित भएर कागजी आवेदन दिनुपर्ने व्यवस्था रहेकोमा पछिल्लो केहि वर्षयता कोभिड-१९ का कारण राष्ट्र बैंकले इमेलमार्फत आवेदन लिने व्यवस्था गरेको थियो। यो वर्षदेखि भने यसलाई सहज ढंगमा अनलाइन प्रणालीमार्फत नै आवेदन दिने व्यवस्था मिलाइएको राष्ट्र बैंकले जनाएको छ।

आवेदकलाई अझ सहज र आकर्षण बढाउन अनलाइनबाटै बचतपत्र विक्रिको व्यवस्था मिलाइएको र सेल्स एजेन्टहरू पनि बढाउने प्रयत्न भैरहेको जानकारी दिदै राष्ट्र वैंकले यसका लागि वैदेशिक रोजगारीबाट आयआर्जन गरेको पैसा वैधानिक माध्यमबाट स्वदेश पठाएको प्रमाण भने अनिवार्यरुपमा पेश गर्नुपर्ने जनाएको छ।

### बचतपत्र खरिद गर्न आवश्यक कागजात

बचतपत्रमा लगानी गर्न लगानीकर्ताले राहदानी, कार्यरत मुलुकको भिसा (भारतबाहेक अन्य मुलुकमा कार्यरत कामदारका लागि मात्र), कार्यरत कम्पनीको आधिकारिक परिचयपत्र (म्याद ननाघेको)को प्रतिलिपि, दुई प्रति पासपोर्ट साइजको फोटो, विदेशी मुद्रा नेपालमा भित्रिएको प्रमाणस्वरूप विदेशी मुद्रा सटही रसिद वा नेपालमा विदेशी मुद्रामा खाता रहेको भए सो खाताबाट विदेशी मुद्रा सटही गरेको भौचर आवश्यक पर्छ। परिवारका सदस्यका नाममा खरिद गर्ने भए सदस्यको नागरिकताको प्रतिलिपि र नाता प्रमाणित कागजात चाहिने राष्ट्र बैंकले जानकारी दिएको छ। नाबालकको नाममा संरक्षक भई खरिद गर्ने भए जन्मदर्ता प्रमाणपत्र चाहिने व्यवस्था कार्यविधिमा उल्लेख छ। वैदेशिक रोजगारमा रहेका नेपालीहरूले आफु तथा आफ्ना परिवारका नाममा यति धेरै फाइदा रहेको वैदेशिक रोजगार बचतपत्र खरिद गर्न अब भने ढिला गर्न हुँदैन। आफ्नो भविष्य मात्र होइन देशका लागि पनि योगदान गर्ने यो अवसर खेर जान नदिऔं।

### बचतपत्र बिक्रि एजेन्टहरू

१. सिटिजन्स् बैंक इण्टरनेशनल लिमिटेड
२. नबिल बैंक लिमिटेड
३. माछापुच्छ्रे बैंक लिमिटेड
४. प्रभु बैंक लिमिटेड
५. सनराइज बैंक लिमिटेड
६. सिद्धार्थ बैंक लिमिटेड
७. सानिमा बैंक लिमिटेड
८. सेन्चुरी कमर्सियल बैंक लिमिटेड
९. प्रभु मनी ट्रान्सफर प्रा.लि.
१०. सेवा रेमिट प्रा.लि.
११. सिटी एक्सप्रेस मनि ट्रान्सफर प्रा.लि.
१२. आइएमई लिमिटेड
१३. एनएमबी बैंक लिमिटेड

इच्छुक लगानीकर्ताले वैदेशिक रोजगार बचत खरिद गर्नका लागि राष्ट्र बैंकको वेबसाइट www.nrb.org.np अन्तर्गत Monetary Management भित्र रहेको अनलाइन प्रणालीमार्फत पनि आवेदन पेस गर्न सक्नेछन्।

# खातामा जम्मा गर्नुभन्दा बचतपत्र किनौं



**विनोद कुँवर**, अध्यक्ष
गैरआवासीय नेपाली संघ

विदेशमा कमाएको आर्जनलाई भरपर्दो किसिमले स्वदेश भित्र्याउन नेपाल सरकारले गरेको आह्वानलाई हामी स्वागत गर्छौ। मुलुकको आर्थिक विकासका लागि टेवा पुग्ने र सुरक्षित लगानीको अवसर पनि भएकाले गैरआवासीय नेपाली संघले आ-आफ्नो ठाउँबाट यसलाई सहयोग पुऱ्याउने प्रतिवद्धता व्यक्त गर्दछौ।

म आफु पनि यो बचतपत्र खरिद गर्नेछु र मेरो परिवारलाई पनि बचतपत्र खरिद गराउनेछु। देशमा लगानी बढाउन मद्यत पुग्ने, सहयोग गर्ने भावना पनि बढ्ने र लगानीकर्ता स्वयंलाई उच्च व्याजदर प्राप्त हुने हुँदा बिश्वभर रहनुभएका नेपाललीहरूलाई वैदेशिक रोजगार बचतपत्र खरिदका लागि आह्वान गर्न चाहन्छु। थोरै डलर आफ्नो खातामा राख्नुभन्दा नेपाल सरकारलाई पनि सहयोग हुने र आफूलाई पनि मुनाफा हुने अवसर नगुमाउन अनुरोध गर्दछु।



AR_Jestha_2079_BW_press.indd 16 6/13/2022 9:30:01 PM



● **नानीराज घिमिरे**, अध्यक्ष
फुटवेयर म्यानुफ्याचर्स एशोसिएशन अफ नेपाल (एफम्यान)

# फुट्वेयर विषयमा डिग्री, पिएचडीसम्मको पढाई हुनुपर्छ

नेपाली जुत्ताचप्पल व्यवसायीहरू अहिले आत्मनिर्भरतिर उन्मुख भइरहेका छन्। नेपालको झण्डै ६० प्रतिशत जुत्ताचप्पलको बजार स्वदेशी उत्पादनले धानीरहेको छ। विदेशी जुत्ताचप्पलसँग नेपाली ब्राण्डहरूले प्रतिष्पर्धा गरेर नेपाली उपभोक्तालाई आकर्षित गरिरहेका छन्। नेपालीहरूको मन जितिरहेका छन्। फुट्वेयर म्यानुफ्याचर्स एशोसिएशन अफ नेपाल (एफम्यान)का अध्यक्ष नानीराज घिमिरे कृषि पछि दोस्रो ठुलो रोजगारीको क्षेत्र फुट्वेयर उद्योग भएको दाबी गर्नुहुन्छ। २०५७ सालमा १३ जना व्यवसायीहरू मिलेर खोलेको एफम्यानले आज फुट्वेयर पेशामा आवद्ध व्यवसायीहरूलाई एकैठाउँ समेटेर उनीहरूको हक, अधिकार र आर्थिक विकासमा काम गरिरहेको छ। एफम्यानका अध्यक्ष घिमिरेसँग फुट्वेयर व्यवसायको अवस्था, नेपाली जुत्ताचप्पल प्रयोगको श्रीबृद्धि तथा सरकारले चाल्नु पर्ने कदमका बारेमा अर्थ र रोजगारले गरेको छोटो कुराकानी :

**• तपाई एफम्यानको अध्यक्ष, स्वदेशी जुत्ताचप्पलको अहिलेको अवस्था कस्तो छ ?**

करिब १२-१५ वर्ष अगाडिसम्म पनि नेपाली जुत्ताचप्पल भनेपछि नाक खुम्च्याउने वातावरण थियो तर अहिलेको अवस्थामा आइपुग्दा राज्यले पनि केहि न केहि नीतिगत रुपमा सहयोग गरेको छ र उपभोक्ताहरू पनि अलिक सचेत हुनुभएको छ। पहिला नेपाली उत्पादनलाई छ्याँ भन्ने अवस्था रहेकोमा अहिले नेपाली उत्पादन पनि राम्रो र गुणस्तरीय हुनेरहेछ, नेपाली उत्पादनमा नै गर्व गर्नुपर्छ भन्ने वातावरण सिर्जना भएको छ।

हाम्रा कतिपय उपभोक्ताहरू चाँहि आज पनि विदेशी नाम भएकै जुत्ता लगाउने मोहमा हुनुहुन्छ। त्यो तप्काको चाहना पुरा गर्न हामीले विकल्प पनि व्यवस्था गरेका छौ। अहिले नेपाली उत्पादन राम्रो बिक्री हुने अवस्थामा आईरहेको छ। यदि नेपाली जुत्ताचप्पल बिदेशी उत्पादनको तुलनामा राम्रो र गुणस्तरीय बनाउन सकेका थिएनौ भने यस्तो अवस्था नआउन सक्थ्यो।



AR_Jestha_2079_BW_press.indd 17 6/13/2022 9:30:01 PM

**• नेपाली उपभोक्ताले खपत गर्ने जुत्ताचप्पल स्वदेशी उत्पादनले पुरा गर्न सकेको अवस्था छ ?**

हामीले २०७४ सालमा एउटा सर्वे गर्‍यौ त्यही सर्वेलाई आधार मान्दा एकजना नेपाली बराबर ३.२५ जोर भन्ने हिसाब छ। यो हिसावले ३ करोड जनतालाई बार्षिक करिब १० करोड जुत्ताचप्पल माग छ। त्यो मागमध्ये साढे ४ करोड जुत्ताचप्पल चाँहि बाहिरबाट आयात भएको देखिन्छ, बाकी स्वदेशी उत्पादननै प्रयोग भएका छन। यसरी हेर्दा ६२ देखि ६५ प्रतिशत माग आन्तरिक उत्पादनले पुरा गरिरहेको छ। उता करिब १ करोड जोर जुत्ताचप्पल निर्यात पनि गरिरहेका छौ। त्यसले गर्दा हामीले वार्षिक ६ देखि साढे ६ करोड जुत्ता उत्पादन गरिरहेको तथ्यांकले देखाउँछ। हामी आजको मितिसम्म १५ सय उद्योगी छौ। त्यसमा भन्डै १२ सय उद्योगी चाँहि परम्परागत सीपवाला हुनुहुन्छ। त्यसलाई हामीले साना उद्योगीभित्र राखेका छौ। एकहजार जोरसम्म बनाउनेलाई हामीले मध्यममा राख्छौ र त्यो संख्या २ सय भन्दा माथि छ। १० हजार भन्दा माथि उत्पादन गर्ने व्यवसायीलाई मास व्यवसायीको क्याटागोरीमा राखेका छौ। आजको अवस्थामा हेर्ने हो भने वार्षिक १५ करोड देखि १६ करोड जुत्ता उत्पादन गर्ने क्षमतामा हामी छौ। तर, अहिले ३५ देखि ४० प्रतिशत क्षमता मात्रै संचालनमा आएको अवस्था छ।

**• स्वदेशी उत्पादनको जुत्ताचप्पलको यति धेरै संभावना भइरहेको अवस्थामा अव उपभोक्तालाई अझ बढि आकर्षित गर्ने बेला आएको हो ?**

नेपालको अहिलेको आर्थिक अवस्था हेर्दा स्वदेशी उत्पादनमा नै उपभोक्तालाई आकर्षित गर्न जरुरी छ। अहिले व्यापार घाटा, मुद्रा संचिति र बेरोजगारीको अवस्थालाई हेर्दा स्वदेशी उत्पादनको प्रयोग गर्न जरुरी देखिएको हो। आज उद्योगी, सरकार मात्रै होइन, सर्बसाधारण पनि नेपाली उत्पादन प्रयोग गर्नुपर्छ भनेर स्वयं सचेत हुने अवस्था आएको छ। हामी ६२ देखि ६५ प्रतिशत हिस्सा धानीरहेका छौ भनिरहँदा सरकारले नीतिगत रुपमा राम्रो व्यवस्था गरे पनि त्यो अझै राम्रोसँग कार्यान्वयन हुन सकेको छैन। राज्यले साथ दिने हो भने हामी जुत्ताचप्पलमा आत्मनिर्भर हुन सक्ने अवस्था छ। त्यती मात्रै होइन राज्यले कष्टको इफिसियन्सीलाई ध्यान दिने र निर्यातलाई पनि ध्यान दिने हो भने ५ देखि ६ करोड जोर जुत्ता निर्यात गर्न पनि हामी सक्षम छौ।

**• तपाईहरूलाई चाइना तथा भारतको जुत्ता ल्याएर स्वदेशी हो भनेर बेच्नुहुन्छ भन्ने आरोप पनि लाग्ने गरेको छ नि ?**

हो, केहि समय अगाडि केहि प्रतिशत सत्यता थियो। स्वदेशमा हाइ क्वालिटीको सामान बनाउन अलि गाह्रो नै थियो। तर अहिले त्यो अवस्था छैन, किनभने त्यहाँबाट ल्याएर यहाँ थोरै नाफा राखेर पनि बेच्न गाह्रो छ। हिजो केहि प्रतिशत त्यस्तो थियो तर आज छैन। सोलको हकमा पिबिसी सोल र पियु सोलमा हामी सतप्रतिशत आत्मनिर्भर छौ। रबर सोलको पनि कारखाना बन्दैछ त्यो छिट्टै १-२ महिनामै संचालनमा आउँदैछ। राज्यले हामीलाई अलि प्रायोरेटीमा राख्यो भने हामी २ वर्षसम्ममा भण्डै ८० प्रतिशत स्वदेशी कच्चापदार्थ प्रयोग गर्ने बन्नेछौ।

**• फुटवेयर क्षेत्रमा रोजगारको अवसर चै कस्तो छ, कामदार नपाएर विदेशबाट ल्याउनु पर्ने अवस्था हो ?**

कृषिपछि दोस्रो ठुलो रोजगारी सिर्जना गर्न सक्ने उद्योग फुट्वेयर उद्योग भएको हामी दाबी गर्छौ। हामीले यो दाबी गरिरहँदा राज्यले साच्चै प्रायोरेटीमा राख्ने हो भने कृषि उद्योगलाई भन्दा फुट्वेयर उद्योगमा धेरै रोजगार प्रदान गर्न सकिन्छ। हाम्रो उद्योगहरूमा धेरै रोजगारी गर्नेहरू छन्। हामीले अहिले ५० हजारलाई प्रत्यक्ष रोजगारी दिइरहेका छौ तर त्यसमा ६० देखि ७० प्रतिशत कामदार चाँहि भारतबाट आयात गरिरहेका छौ। भारतीय कामदारले नेपालमा ४० हजार रुपैयादेखि १ लाख रुपैयासम्म कमाइरहेका छन। हामीले चाँहि काम गर्ने मान्छे नपाएर बिदेशबाट ल्याउनु परिरहेको छ। नेपाली कामदार चाँहि ३५-४० हजारमा वैदेशिक रोजगारमा जानुपरेको अवस्था छ। त्यसकारण अबको अवस्था यो आइसक्योकी श्रमिकलाई बाहिर जानबाट रोक्नु पर्छ। अव श्रम होइन उनीहरूले उत्पादन गरेका सामाग्री चै निर्यात गर्न राज्य लाग्नुपर्छ। हाम्रो क्षेत्रबाट मात्रै वार्षिक करिब १५ अर्ब रकम कामदारमार्फत भारत जान्छ।

**• भनेपछि स्वदेशमा नै रोजगार दिएर नेपालीहरूको वैदेशिक रोजगारमा जाने ट्रेण्डलाई रोक्ने सम्भावना छ त ?**

हो, वैदेशिक रोजगारमा जाने ट्रेण्डलाई रोक्ने सम्भावना छ। यसका लागि फुटवेयर उद्योगी मात्र होइन हामी जस्ता अरु उद्योगहरूमा पनि यही अवस्था छ। हामीकहाँ सामान्य लेखपढ गर्न नजान्नेदेखि महिलाहरू र शारीरिक अपांगता भएकाहरू पनि अटाउँछन्। हाम्रो क्षेत्रमा पढाईलेखाई नभएका तर विशेष स्किल भएकाहरूको खपत धेरै छ। मेरै फ्याक्ट्रिमा पनि ६०/६२ जना कामदारमध्ये अधिकांश इनहाउस प्रडक्ट हुन्। त्यही आएर सिकेका कालीगढ हुन्। जसमध्ये ८० प्रतिशत लेडिज छन्।

**• तपाईको कम्पनीमा पनि त विदेशी कामदार नै होलान् ?**

मेरोमा सतप्रतिशत नेपाली कामदार मात्र छन्। मैले नेपाली कामदार मात्र राखेर उत्पादन गरिरहेको छु। नेपाली कामदार राख्दा समस्या पनि छन् तर मैले रिक्स मोलेको छु। तर, हाम्रो अधिकांश फ्याक्ट्रीमा विदेशी कामदार चाहि रहेका छन्।

**• भनेपछि अब स्वदेशी कामदारलाई यही रोजगार प्रदान गर्न के गर्नुपर्ला ?**

नेपालमा आजसम्म यो क्षेत्रमा जति पनि कामदार छन्, यही आएर सिकेका कामदार मात्र छन्। हाम्रोमा व्यवसायिक शिक्षा नै छैन। पर्याप्त तालिमहरूको व्यवस्था नै छैन। फुट्वेयरसम्बन्धी तालिमका लागि राज्यसँग साधारण कोर्ष पनि छैन। राज्यले फुट्वेयर क्षेत्रलाई ऐच्छिक विषयको रुपमा राख्नुपर्‍यो। फुटवेयरसम्बन्धी विषयमा नै ग्रयाजुएसन, डिग्री र पिएचडीसम्म अध्ययनको वातावरण सृजना राज्यले गर्नुपर्‍यो। र, यो क्षेत्रमा पनि डिग्री, पिएचडी गरेको छ भन्ने सन्देश जाओस् र सम्भावना पनि छ भन्ने कुरा देखियोस्। त्यसको लागि राज्यले फुट्वेयर क्षेत्रलाई मात्रै भनेर तालिम केन्द्रहरू संचालन गर्दिनु पर्‍यो। अहिले राज्यले त्यो गर्न सक्दैन भने हामीले राज्यसँग के भनेका छौ भने 'अन द जब ट्रेनिङ्ग' हामीलाई काम गर्दै सिकाउने बातावरण सृजना गराइदिनु पर्‍यो। हामीलाई कमसेकम २ वर्ष काम गर्छु भन्ने ग्यारेन्टी दिने हो भने हामी हरेक व्यक्तिहरूलाई काम सिकाउन सक्ने अवस्थामा छौ।

**• अब विदेश होइन स्वदेशमा नै काम गर्नुपर्छ भनेर नेपाली युवाहरूलाई कसरी प्रेरित गर्न चाहनुहुन्छ ?**

विदेशिन चाहनेहरूलाई म यही सीप सिकौ यही रोजगारी गरौ र यहीको उत्पादनलाई प्राथमिकता दिएर अगाडि बढौ भन्न चाहन्छु। स्वदेशमा काम गर्न सकिने धेरै अवसरहरू छन। एकलाख पचास हजारसम्म तलब खाने मेरै फ्याक्ट्रीमा हुनुहुन्छ। तपाईहरू पनि यस्ता काम गर्न सक्नुहुन्छ भन्न चाहान्छु।

**• अन्त्यमा, जो हिजोको दिनमा नेपाली प्रोडक्टका जुत्ताचप्पल भनेर नाक खुम्च्याउनुहुन्थ्यो वहाहरूलाई के भन्न चाहनुहुन्छ ?**

आजसम्म जसले नेपाली उत्पादन प्रयोग गर्नुभएको छ वहाँहरूलाई धन्यवाद दिन चाहन्छु। जसले प्रयोग गर्नुभएको छैन उहाँहरूलाई पनि एकपटक नेपाली ब्रान्ड प्रयोग गरेर यसमा केहि कमी कम्जोरी भए सुझाव दिएर हामीलाई सुध्रिने मौका दिनुहुन अनुरोध गर्दछु। विदेशी ब्रान्डका तुलनामा नेपाली उत्पादन अझ गुणस्तरीय, सस्तो र चाहेजस्तो मोडलमा उपलब्ध छन्। अब आयातमा होइन स्वदेशी उत्पादनमा जोड दिने बेला आएको छ। नेपाली प्रोडक्टलाई माया गरिदिनुहोस्, नेपाली उत्पादन प्रयोग गरेर राज्यलाई हरेक वस्तुमा आत्मनिर्भरतातर्फ उन्मुख गराऔं भन्न चाहान्छु।



AR_Jestha_2079_BW_press.indd 18 6/13/2022 9:30:02 PM

# वैदेशिक रोजगारीका लागि लिइने सबै प्रकृतिको **श्रम स्वीकृति अनलाइनबाटै**

वैदेशिक रोजगारीका लागि लिइने सबै प्रकृतिको श्रम स्वीकृति अब अनलाइनबाटै लिन सकिने भएको छ। वैदेशिक रोजगार कार्यालय काठमाडौंले नयाँ व्यक्तिगत श्रम स्वीकृति पनि अनलाइनबाटै लिन सकिने व्यवस्था गरेसँगै अब सबै प्रकृतिको श्रम स्वीकृति अनलाइन प्रणालीबाटै लिन सकिने भएको हो।

कार्यालयले यसअघि २०७८ माघ २ गतेदेखि पुनः श्रम स्वीकृति र २०७९ वैशाख २ गतेदेखि संस्थागत श्रम स्वीकृतिको काम अनलाइनबाट प्रदान गर्न सुरु गरेको थियो। अनलाइनबाटै श्रमस्वीकृति सेवा सुरु भएपछि यो सेवा लिन काठमाडौ कार्यालयमा लाग्ने गरेको दैनिक हजारौको भीड हटेको छ। हाल दैनिक १ हजार भन्दा बढीको श्रम स्वीकृति अनलाइनबाटै जारी भैरहेको कार्यालयले जनाएको छ।




वैदेशिक रोजगारीसँग सम्बन्धित सम्पूर्ण सेवा आधुनिक प्रविधिको प्रयोग गरी सहज र सरल तरिकाबाट छिटो छरितोरूपमा गुनासोरहित तरिकाले प्रदान गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले निर्देशन गरेसँगै सबै किसिमका श्रम स्वीकृतिको काम अनलाइन प्रणालीबाट दिन सुरु गरेको कार्यालय प्रमुख रमेश अर्यालले बताए। चालु आर्थिक वर्षको पछिल्लो १० महिनामा पाँच लाख बढीको श्रम स्वीकृति जारी भएको कार्यालयले जानकारी दिएको छ। कोभिडका कारण अघिल्लो आर्थिक वर्षमा भने एक लाख ६७ हजार जनाको मात्र श्रम स्वीकृति जारी भएको थियो।

# राहदानी विभागले आइतबार पनि सेवा दिने

सरकारले जेठ १ गतेदेखि लागू हुने गरी देशभरका सरकारी कार्यालयमा शनिबार र आइतबार गरेर हप्ताको २ दिन सार्वजनिक विदाको व्यवस्था गरेपनि राहदानी विभाग भने आइतबार बन्द नहुने भएको छ।



विद्युतीय राहदानी सहजरूपमा उपलब्ध गराउने नेपाल सरकारको नीति तथा कार्यक्रमअनुसार विभागले आइतबार सार्वजनिक विदा भएपनि आफ्नो सेवा सुचारु राख्ने निर्णय गरेको हो।

पछिल्लो समय विभागमा सेवाग्राहीको चाप उल्लेखनीय रूपमा बढिरहेकाले सार्वजनिक बिदाको दिनसमेत राहदानी सेवा प्रदान गरी सेवाग्राहीलाई सहज र सरल तवरले राहदानी उपलब्ध गराउन खोजिएको विभागले जनाएको छ।

विभागले अर्को व्यवस्था नभएसम्म प्रत्येक हप्ताको आइतबार बिहान १० बजेदेखि अपरान्ह ४ बजेसम्म विभागको सेवा सुचारु रहने जानकारी दिएको छ। राहदानीका लागि आवेदन दिई सम्बन्धित दिनको मिति र समय बुकिङ गर्ने सेवाग्राहीलाई उक्त समयमा विभागले राहदानीसम्बन्धी सेवा प्रदान गर्ने जनाएको छ।






AR_Jestha_2079_BW_press.indd 19 6/13/2022 9:30:02 PM

# नेपाल र मलेसियाबीचको श्रम समझदारी प्रभावकारी बनाउने सहमति

चार वर्षअघि नेपाल र मलेसियाबीच भएको द्विपक्षीय श्रम सम्झदारीपत्रलाई थप प्रभावकारी रूपमा कार्यान्वयन गर्ने सहमति भएको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ र मन्त्रालयका सचिव एकनारायण अर्यालसहितको टोलीले मलेसियाका मानव संसाधन मन्त्री सेरी एम सराभनन, गृहमन्त्री हम्जाह बिन जैनुदिन र त्यहाँको सामाजिक सुरक्षा सङ्गठनका महासचिवसँग भएको उच्चस्तरीय बैठकमा सो विषयमा सहमति गरेको हो।




श्रम मन्त्रालयका अनुसार मलेसियाको श्रम बजारको आवश्यकता अनुसार नेपाली युवालाई सीपयुक्त बनाई थप रोजगारीका अवसर प्रदान गर्ने र रोजगारीका लागि युवाको छनोट तथा नियुक्तिलाई शून्य लागतसहितको स्वच्छ नियुक्तिको सिद्धान्तलाई थप प्रभावकारी बनाउने सहमति भएको छ। सो अवसरमा मलेसियामा रोजगारीमा रहेका नेपाली नागरिकको स्वास्थ्य, सामाजिक सुरक्षा र सामाजिक कल्याणलाई थप सबलीकरण गर्ने कुरामा पनि छलफल भएको मन्त्रालयले जनाएको छ।

यसैगरी मलेसियामा रोजगारी गरिरहेका नेपाली नागरिकलाई चौबीसै घण्टा प्रभावकारी हुने बीमा सुविधाको व्यवस्था गर्ने, नेपाली श्रमिकलाई आफ्ना अधिकार र आफूले पालना गर्नुपर्ने सर्तहरूको विषयमा मलेसिया प्रवेश गर्नुअघि नै सचेतनामूलक तालिम प्रदान गर्ने कुरामा पनि छलफल भएको छ। नेपाल-मलेसिया श्रम समझदारीपत्रअनुसार नेपालले आयोजना गर्नुपर्ने द्विपक्षीय संयुक्त कार्यसमितिको बैठक आगामी जुन महिनाभित्र गर्ने निर्णय भएको मन्त्रालयले जनाएको छ।

त्यसैगरी नेपाल र मलेसियाबीच आगामी जुन महिनाभित्र गरिने संयुक्त कार्यदलको तेस्रो बैठकबाट नेपाली नागरिकलाई मलेसियाका सुरक्षा क्षेत्रमा रोजगारी दिन विशेष व्यवस्था मिलाउन सिफारिस गर्ने निर्णय पनि भएको श्रम मन्त्रालयले जनाएको छ।

मलेसियामा कार्यरत नेपाली श्रमिकको स्वास्थ्योपचारमा विशेष ध्यान दिन, सामाजिक सुरक्षा र कल्याणका क्षेत्रलगायतका सुविधाको उपलब्ध गराउनेलगायतका विषयमा पनि छलफल भएको जनाइएको छ।

मन्त्रालयका अनुसार सो अवसरमा बैठकमा मलेसियाको सामाजिक सुरक्षा प्रणालीमा बढीभन्दा बढी नेपाली श्रमिकलाई आबद्ध गराउन श्रमिकका लागि सचेतनामूलक र रोजगारदाताका कार्यक्रम सञ्चालन गर्नेबारे छलफल भएको थियो। नेपाली श्रमिकले कार्यस्थलमा दुर्घटना हुँदा मात्र सामाजिक सुरक्षा सङ्गठनको कार्य दायरामा आउने प्रावधानमा परिमार्जन गरी श्रम इजाजत कायम रहेको जुनसुकै समयमा हुने भवितव्यलाई समावेश गर्नेबारे पनि निर्णय भएको जनाइएको छ। उच्चस्तरीय भ्रमण दलले नेपाली दूतावास क्वालालम्पुरको निरीक्षण गरी दूतावासबाट हुने सेवा प्रवाहको सम्बन्धमा समेत जानकारी लिएको छ।






AR_Jestha_2079_BW_press.indd 20 6/13/2022 9:30:02 PM

# एनआरएनएको विधान संशोधनको लागि तयारी सुरु

गैरआवासीय नेपाली संघ (एनआरएनए) को विधान संशोधनको लागि आवश्यक तयारी सुरु गरिएको छ। संघको विधान समितिका संयोजक डा हेम राज शर्माको अध्यक्षतामा बसेको पहिलो बैठकले कार्यविधि तयार गरेको समितिको सदस्य सचिव गंगाधार गौतमले जानकारी दिए।

बैठकले संघको विधानमा सदस्यता वितरण, राष्ट्रिय महाधिवेशन, महाधिवेशन प्रतिनिधि चयन, अन्तर्राष्ट्रिय महाधिवेशन र निर्वाचन पद्धति लगायतका विषयमा केन्द्रित रहेर कार्यविधि बनाउने निर्णय गरेको छ। बैठकमा संघको १० औं महाधिवेशनमा देखिएका चुनौती र विधान कार्यान्वयनमा देखिएका समस्याका बारेमा छलफल भएको थियो।

बैठकमा समितिका सदस्यहरू यासमिन वेगम सयैद, नारायण आचार्य, भूषण घिमिरे, नरेन्द्र भाट र महेश श्रेष्ठको उपस्थिति थियो।

# कुँवर समूहले थाल्यो एनआरएनए एकताको पहल

गैरआवासीय नेपाली संघ (एनआरएनए)को दशौं अधिबेशनपछि दुईवटा बनेको एनआरएनए एकताको पहल शुरु भएको छ। विनोद कुँवर नेतृत्वको एनआरएनएले राष्ट्रिय समन्वय परिषद (एनसीसी) भेला आह्वान गरेर एकताको पहल थालेको हो।

एनआरएनए एनसीसीको राय र सुझाव लिदै साझेदारी, समन्वय र सहकार्यका लागि उक्त समूहले एनसीसीहरूको भेला नै बोलाएर छलफल गरेको जनाएको छ। 'एनआरएनए दुई वटा हुदा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा नराम्रो सन्देश फैलिरहेकोले रायका लागि एनसीसीहरूसँग छलफल गरेका हौं' अध्यक्ष कुँवरले बताए।

'हामी एकताको विपक्षमा कदापी छैनौ, हामी एनसीसीहरूको सल्लाह, सुझाव र प्रतिक्रिया लिएर अगाडि बढ्छौ' अध्यक्ष



कुँवरले भने-'एनसीसी भनेको आइसीसीका पीलर हुन्, उनीहरूको मर्म अनुसार चल्नुपर्छ।' एनसीसीहरूको म्याण्डेड लिएर संघ अगाडि बढ्नु पर्ने कुँवर पक्षको बुझाई छ। एनआरएनए अभियानलाई अगाडि बढाउनका लागि एकता नै पहिलो कडी हो।

विभिन्न देशमा दर्ता भएका एनआरएनए त्यही देशको कानून अनुसार चलाउन, गैरआवासीय नेपालीहरूका प्रमुख मुद्धाहरूको समाधान गर्न र नेपाल सरकारसँग सहकार्य गर्दै अन्य धेरै काम गर्नको लागि साझेदारी आवश्यक भएको कुँवरले बताए।

एनआरएनएको १० औं महाअधिबेशन २२ मार्च देखि २५ मार्चमा होटक याक एण्ड यतिमा संघका प्रमुख संरक्षक शेष घलेको अगुवाईमा सम्पन्न भएको थियो भने होटल हिमालयनमा २६ मार्च देखि २७ मार्चमा संघको अन्तर्राष्ट्रिय समन्वय परिषदको आयोजनामा सम्पन्न भएको थियो। दुईटै महाधिबेशनले छुट्टाछुट्टै नेतृत्व चयन गरेको छ।






AR_Jestha_2079_BW_press.indd 21 6/13/2022 9:30:02 PM



# जनयुद्धका घाइते भक्तलाई **प्रवास समन्वय समितिको** सहयोग

नेकपा माओवादी केन्द्रको प्रवास समन्वय समितिले जनयुद्धका घाइते भक्तबहादुर रानामगरलाई आर्थिक सहयोग गरेको छ। जनयुद्धका क्रममा मकवानपुरको झुरझुरेमा भएको भिडन्तका क्रममा दुबै खुट्टा गुमाएका उनको अवस्था नाजुक बन्दै गएपछि वीर अस्पतालमा उपचार भइरहेको छ। माओवादी केन्द्रको विदेशस्थित संगठन जनप्रगतिशील मञ्च बेलायत र जापान तथा समितिका अध्यक्ष ओम शर्मा, सचिव टीबी पाठक र अच्युत फुयाल समेतले प्रदान गरेको जम्मा ४ लाख ५१ हजार ६८७ रुपैयाँ घाइते मगरलाई हस्तान्तरण गरिएको हो।

समितिका अनुसार बेलायतबाट १ लाख ३४ हजार २७०, जापानबाट ३ लाख ४ हजार ४१०, अच्युत फुयालबाट ३ हजार तथा शर्मा र पाठकबाट ५/५ हजार रुपैयाँ प्राप्त भएको थियो। सो रकम सचिव पाठक र सुरेश गौतमसहितको उपस्थितिमा अध्यक्ष शर्माले मगरको परिवारलाई हस्तान्तरण गरेका हुन्।

आर्थिक अवस्था कमजोर भएका मगरको परिवारलाई थोरै भएपनि सहयोग होस् भनेर समन्वय समितिको पहलमा रकम जुटाइएको शर्माले बताए।

यसैबीच भारतको चण्डीगढमा क्यान्सर भइ उपचाररत सुरेश महरलाई पनि ५० हजार रुपैयाँ हस्तान्तरण गरिएको छ।

# कतारमा तलब नपाएका नेपालीलाई बक्यौता रकम लिन कतार सरकारको अनुरोध

कतारस्थित मर्करी मेना कम्पनीमा काम गरी आफ्नो पारिश्रमिक लिन बाँकी रहेका २३ जना नेपालीहरूलाई आफ्नो पैसा बुझ्नका लागि कतार सरकारले अनुरोध गरेको छ।

बक्यौता रकम लिन बांकि रहेकाहरूलाई कतार सरकारले सम्पर्कमा आइ रकम बुझ्न आग्रह गरेको हो। रकम बुझ्नको लागि नाम ठेगाना खुल्ने परिचयपत्रसँगै कतारमा काम गर्दाको कतारी आइडी नम्बर खुल्ने कागजात र पासपोर्ट लिएर आउनु पर्ने जनाइएको छ।

उक्त कम्पनीमा कार्यरत नेपालीहरूले वैदेशिक रोजगार विभाग तथा कतारी राजदूतावासमा सिधै सम्पर्क गरेर पैसा लिन सक्ने जनाइएको छ।

गत वर्ष बक्यौता रकम लिन बांकि रहेका दिपेन्द्र सार्की तथा कतारी आइडी नम्बर नखुलेका ध्रुव म्रिपालीलाइ पनि सम्पर्कमा आइ रकम बुझ्न कतार सरकारले अनुरोध गरेको छ। गत वर्ष पनि ३३ जनाले बक्यौता रकम बुझेका थिए।






AR_Jestha_2079_BW_press.indd 22 6/13/2022 9:30:03 PM

# सिद्धार्थ बैंकलाई '**बेष्ट अप्रेसन बैंक इन साउथ एशिया २०२१**' अवार्ड




सिद्धार्थ बैंक लिमिटेड 'बेष्ट अप्रेसन बैंक इन साउथ एशिया २०२१' अवार्डबाट सम्मानित भएको छ। विश्व बैंक समूहको सदस्य इन्टरनेशनल फाइन्यान्स कोअपरेसन (आईसीएफसी)ले आयोजना गरेको १० औं ग्लोबल ट्रेड अवार्डमा बैंकले उक्त उपाधि प्राप्त गरेको हो।

आईसीएफसीको ट्रेड फाइनान्स कार्यक्रम अन्तर्गत ५०० साझेदार बैंकहरूको प्रतिष्पर्धात्मक प्रक्रियाको आधारमा विभिन्न विधाहरूमा ४८ विजेताहरू छनोट गरिएको थियो। जसमध्ये सिद्धार्थ बैंकले सो अवार्ड प्राप्त गरेको हो। आईसीएफसी अन्तर्गत रहेका नेटवर्क बैंकहरूमध्ये आफ्ना ग्राहकहरूलाई सरल र सहज ढंगले उत्कृष्ट बैंकिङ सेवा प्रदान गर्दै सिद्धार्थ बैंक एउटा सक्रिय साझेदार बैंकको रुपमा प्रस्तुत हुन सफल भएको हो। अवार्ड वितरण समारोहमा आईसीएफसीका तर्फबाट बंगलादेश, भुटान र नेपालका लागि कन्ट्री म्यानेजर मार्टिन होल्टम्यानले सिद्धार्थ बैंकका प्रमुख कार्यकारी अधिकृत सुन्दर प्रसाद कँडेललाई उक्त अवार्ड हस्तान्तरण गरेका थिए।

उपाधि प्राप्तिलाई बैंकले आफ्ना ग्राहकहरूप्रतिको प्रतिबद्धतालाई थप मजबुत बनाउने र आगामी दिनहरूमा अझ उच्चस्तरीय सेवा प्रदान गर्ने प्रेरणाको रुपमा लिएको जनाएको छ।

# 'आइएमई पे'ले ल्यायो '**रिफर एन्ड अर्न**' अफर




आइएमई पेले 'रिफर एन्ड अर्न' अफर सार्वजनिक गरेको छ। यस अफर अन्तर्गत आइएमई पे एपका प्रयोगकर्ताहरूले आफ्नो एपमा रहेको 'रिफर कोड' आफ्नो साथीभाइ माझ सेयर गर्नुपर्ने हुन्छ। प्रापकले सो कोड स्विकारेर आइएमई पे एप डाउनलोड गरी केवाइसी अपडेट गरेर प्रयोग गरे पश्चात् दुवै जनाले २५ रूपैयाँ आफ्नो आइएमई पे वालेटमा पाउछन्।

प्रयोगकर्ताहरूले एउटा रिफर कोड धेरै पटक प्रयोग गर्न मिल्छ। उनीहरूले आफ्नो आइएमई पे एपको 'रिफर फ्रेन्ड' मा गएर वा यसको एपबाट रिफर कोड प्राप्त गर्न सक्छन्।

आइएमई पेले यस अफर ल्याउनको मुख्य उद्देश्य आफ्नो सम्भावित ग्राहकलाई आइएमई पे एप डाउनलोड गरी डिजिटल भुक्तानी माध्यममा परिणत हुन प्रोत्साहन गर्नु रहेको बताएको छ।

# मेगा बैंक र आइडिईबीच सम्झौता

मेगा बैंक लिमिटेड र आइडिई नेपालबीच सम्झौता भएको छ। साना किसानहरूको कृषि व्यवसाय प्रवर्द्धन गर्नका लागि डिजिटल बैंकिङमार्फत वित्तीय सहयोग प्रदान गर्ने उद्देश्यले उक्त सम्झौता गरिएको बैंकले बताएको छ।

काठमाडौंको कमलादीस्थित मेगा बैंकको कर्पोरेट कार्यालयमा मेगा बैंकका कामु प्रमुख कार्यकारी अधिकृत रबिना देशराज श्रेष्ठ र आइडिई नेपालका प्रमुख कोरी ओ हाराले सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन्। कार्यक्रममा मेगा बैंकका पदाधिकारीहरू, आइडिई नेपाल, सिआइएमएमवाईटीका साथै आरएण्डडी इनोभेटिभ सोलुसनका पदाधिकारीहरूको उपस्थिति थियो।

सम्झौतापछि बैंकले विदेशबाट फर्केका आप्रवासी कामदार एवम् साना तथा मझौला कृषकहरूलाई व्यवसाय विस्तार गर्न वा नयाँ उद्यम/व्यवसाय गर्नका कर्जा प्रदान गर्नेछ। बैंकका कामु प्रमुख कार्यकारी अधिकृत



श्रेष्ठले लघु, घरेलु एवं साना तथा मझौला उद्यमीहरूलाई व्यवसाय विस्तार गर्न सहुलियत कर्जा प्रदान गर्ने बताइन। यस्तै आइडिई नेपालका प्रमुख हारा तथा आरएण्डडी ईनोभेटिभ सोलुसन प्रालिका प्रमुख कार्यकारी अधिकृत सुनिता नेमाफुकीले मेगा बैंकले साना किसान, महिला, विपन्न वर्गलाई प्राथमिकता दिई साना कर्जा एवं सहुलियतपूर्ण ब्याज अनुदान कर्जालाई प्राथमिकताका साथ वितरण गर्दै आएकोले बैंकसँग सहकार्य गरेको बताइन।

सम्झौताअन्तर्गत मेगा बैंकले प्रवर्द्धन गर्दै आएको डिजिटल बैंकिङ उपकरण 'मेगा किसान कार्ड' २५०० जना कृषकहरूलाई वितरण गर्ने लक्ष्य राखेको छ।



AR_Jestha_2079_BW_press.indd 23 6/13/2022 9:30:04 PM

# आईएमईको 'हर्षको २२ वर्ष, एस २२ मोबाइल नै पर्छ' योजना सार्वजनिक

विश्वभरबाट नेपालमा रेमिट्यान्स भित्र्याउँदै आइरहेको नीजि क्षेत्रको अग्रणी रेमिट्यान्स कम्पनी आईएमई लिमिटेडले स्थापनाको २२ औं वर्ष प्रवेशको अवसर पारेर 'हर्षको २२ वर्ष एस २२ मोबाइल नै पर्छ' योजना सार्वजनिक गरेको छ।

यस योजना अन्तर्गत देश तथा विदेशबाट आईएमईमार्फत पठाइएको रकम नेपालभरी छरिएका एजेन्ट, सवएजेन्ट, आउटलेटमार्फत प्राप्त गर्दा, बैंक ट्रान्सफर गर्दा वा आईएमई-पे वालेटमा प्राप्त गर्दा हरेक हप्ता ५ जना विजेता रहने गरी यो योजना अवधि भरी जम्मा २० जना विजेताहरूले स्मार्ट वाच जित्न सक्ने कम्पनीले जनाएको छ।

यस्तै बम्परमा १ विजेताले सामसुङ एस २२ मोबाइल प्राप्त गर्न सक्नेछन्। यो योजनामा सहभागी हुने सेवाग्राहीहरू मध्ये कूल २१ जना विजेताहरू लाभान्वित हुने र यसका विजेताहरू सिस्टममा आधारित स्वचालित लक्की ड्र

**हर्षको २२ वर्ष S22 मोबाइल नै पर्छ**

प्रणालीद्वारा निर्धारण गरिने कम्पनीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

आईएमईका प्रमुख कार्यकारी अधिकृत खिलेन्द्र पौडेलले २२ वर्षसम्मको व्यवसायिक यात्राको यो विशेष अवसरलाई लक्षित गरी तयार पारिएको सेवाग्राहीमूखी व्यापार प्रवर्द्धनात्मक कार्यक्रमले सेवाग्राही र आईएमईबीचको सम्बन्धलाई अझ मजबुत बनाउन भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे। जेठ १५ गतेदेखि सुरु भएको यो योजना ३० दिनसम्म जारी रहने छ।

# नबिल बैंकको सीईओमा ज्ञानेन्द्र ढुंगाना नियुक्त



नबिल बैंकको प्रमुख कार्यकारी अधिकृत (सीईओ)मा ज्ञानेन्द्र ढुंगाना नियुक्त भएका छन्।

नबिल बैंकमा बंगलादेश बैंक मर्ज गराउन प्रमुख भूमिका निर्वाह गरेका ढुंगानालाई नबिल बैंकको सञ्चालक समितिले सीईओमा नियुक्त गरेको हो।

ढुंगानाको कार्यकाल आगामी १७ असारदेखि लागू हुने छ। यसअघि ढुंगानाले नेपाल बंगलादेश बैंकमा १० वर्षसम्म सीईओ भएर काम गरेका थिए।

नबिल बैंकका वर्तमान सीईओ अनिल केशरी शाहको कार्यकाल सकिन लागेकोले ढुंगानालाई नबिल बैंकले सीईओ नियुक्त गरेको हो।






AR_Jestha_2079_BW_press.indd 24 6/13/2022 9:30:05 PM

# गौतमबुद्ध विमानस्थलमा राष्ट्रिय वाणिज्य बैंकको पाँचवटा काउण्टर सञ्चालन



भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको सम्पूर्ण बैंकिङ कारोबार राष्ट्रिय वाणिज्य बैंकमार्फत हुने भएको छ। जस अनुसार बैंकले विमानस्थल परिसरमा सम्पूर्ण बैंकिङ कारोबारसहितको सेवा विस्तार गरेको छ। यात्रु र सेवाग्राहीलाई आवश्यक पर्ने सम्पूर्ण बैंकिङ्ग सेवासुविधा प्रवाह गर्न बैंकले पाँचवटा नयाँ काउण्टर सञ्चालनमा ल्याएको जनाएको छ।

बैंकले विमानस्थलभित्र डिपार्चर काउण्टर, बोर्डिङ वेटिङ काउण्टर, एराइभल काउण्टर, कस्टम र कार्गो काउण्टर सञ्चालनमा ल्याएको छ। काउण्टरबाट विदेशी मुद्राको सटही, भिसा शुल्क भुक्तानी, भन्सार शुल्क भुक्तानी, भ्याट रिफन्ड, एटिएम, पिओएस सेवा तथा अन्य बैंकिङ्ग कारोबार गर्न सकिने बैंकले जनाएको छ।

सेवा सुभारम्भ कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, ब्रान्च अपरेशन विभागकी विभागीय प्रमुख दुर्गाकुमारी कँडेल, सूचना प्रविधि विभागका बरिष्ठ प्रबन्धक गगनसिंह घिमिरे, शाखा कार्यालय भैरहवाका शाखा प्रबन्धक हरिराम पराजुली लगायत कर्मचारीहरूको उपस्थिति रहेको थियो।

देशभर बैंकको हाल २५८ वटा शाखा कार्यालय, २४५ वटा ए.टि.एम, ४१ स्थानमा एक्सटेन्सन काउण्टर, ९९ शाखारहित बैंकिंग सेवासहित आधुनिक डिजिटल बैंकिङ्गको माध्यमबाट सेवा प्रवाह गर्दै आएको छ।

# राष्ट्रिय वाणिज्य बैंकको कार्ड होल्डरलाई अन्नपूर्ण केबुलकारमा १० प्रतिशत छुट

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र अन्नपूर्ण केबुलकार प्रालिबीच बैंकका डेबिट/क्रेडिट कार्ड होल्डरहरूलाई केवलकारको भाडा रकममा १० प्रतिशत छुट गर्ने सम्बन्धमा सम्झौता भएको छ। सम्झौतापत्रमा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत कविराज अधिकारी र अन्नपूर्ण केबुलकारका महाप्रबन्धक दिनेश पौड्यालले हस्ताक्षर गरेका छन्।

उक्त सम्झौता भएपश्चात कास्कीको पोखरामा रहेको अन्नपूर्ण केबुलकारमा यात्रा गर्दा बैंकका कर्मचारी तथा डेबिट/क्रेडिट कार्ड भएका ग्राहकहरूलाई केबुलकारले भाडा रकममा १० प्रतिशत छुट दिने छ।

कायक्रममा बैंकका विभागीय प्रमुख सन्दीपजङ्ग कार्की, विभागीय उपप्रमुख अविता श्रेष्ठ लगायत कर्मचारीहरूको उपस्थिति रहेको थियो। हाल देशभर बैंकले २५८ वटा शाखा कार्यालय, २४५ वटा ए.टि.एम, ४३ स्थानमा एक्सटेन्सन काउण्टर, ९८ शाखारहित बैंकिङ्ग सेवा सहित आधुनिक डिजिटल बैंकिङ्गको माध्यमबाट सेवा प्रवाह गर्दै आइरहेको छ।

# सिटी एक्सप्रेस र नेपाल एसबीआई बैंकबीच रेमिट्यान्स सम्झौता

विश्वका विभिन्न मुलुकबाट नेपालमा रेमिट्यान्स भित्र्याउँदै आइरहेको सिटी एक्सप्रेस मनी ट्रान्सफर र नेपाल एसबिआई बैंकबीच रेमिट्यान्स कारोबारका लागि सम्झौता भएको छ। उक्त सम्झौतापत्रमा सिटी एक्सप्रेसका तर्फबाट प्रबन्ध निर्देशक चन्द्र टण्डन र नेपाल एसबिआई बैंकको तर्फबाट उपप्रमुख कार्यकारी अधिकृत मोहम्मद रिजवान आलमले हस्ताक्षर गरेका हुन्।

सम्झौता अनुसार नेपाल एसबिआई बैंकमार्फत नेपाल आएको रेमिट्यान्स रकम सिटी एक्सप्रेस मनी ट्रान्सफरका देशभर रहेका १५ हजार भन्दा बढि सहायक प्रतिनिधिहरूमार्फत भुक्तानी हुने भएको छ भने सिटी एक्सप्रेसमार्फत आएको रेमिट्यान्स रकम पनि नेपाल एसबिआई बैंकको देशभर रहेका सम्पूर्ण शाखाहरूबाट भुक्तानी हुनेछ।

सिटी एक्सप्रेसले रेमिट्यान्स क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउदै 'जहाँ नेपाली, त्यहाँ सिटी




एक्सप्रेस' भन्ने आफ्नो नारालाई आत्मसाथ गर्दै बिगत १५ वर्षदेखि संसारभरबाट विप्रेषण सेवा प्रदान गर्दै आइरहेको छ।

आन्तरिक विप्रेषण अन्तर्गत सिटी एक्सप्रेसका देशभर छरिएर रहेका १५ हजारभन्दा बढि भुक्तानी केन्द्रहरू मार्फत छिटो, सहज र सुरक्षित तरिकाले भुक्तानी प्रदान गर्ने, कुनै पनि बैंकको खातामा रकम जम्मा गर्ने र मोबाईल वालेटमा लोड गर्न सकिने जस्ता सुविधाहरू प्रदान गर्दै आइरहेको जनाएको छ।



AR_Jestha_2079_BW_press.indd 25 6/13/2022 9:30:06 PM

# उन्मुक्ति कहिले ?

'मैले बहिनीको बिहेमा ज्वाइँलाई मोटरसाइकल तिलक दिन्छु भनेको थिएँ। हिजो श्रीमतीले फोनमा भनी –तिलक चाँडो नदिए बहिनीलाई ज्वाइँले घरबाट खेद्छन् रे। अब मैले चार लाख कमाउन खट्नु परेन।' जोखनको अनुहारमा पसिनै पसिना थियो ।



■ युवराज नयाँघरे

जोखन बरईले बिहानै रौतहटमा फोन गऱ्यो ।

मलेशिया गएर उसले काम गरेको धेरै भयो । हिजो राति नराम्रो सपना देखेकाले आज बिहानै उसले फोन गरेको थियो ।

'म त एक्कासी बिउँझे । सपना साऱ्है डरलाग्दो थियो ।'

उसले पत्नीलाई फोनमा भन्यो ।

'राति धेरै बेर यताउता नगर्नु । भगवानको नाम लिएर सुत्नु ।'

पत्नीले उसलाई सम्झाई ।

'खोलामा बगेको-बगेकै थिएँ । पारिपट्टि हात्ती देखेर किनारातिर आउनै मन मानेन । अनि म खोलामा बगिरहे एक्नासले ।'

जोखनले सपनाको डर सुनाइरह्यो ।

बुढाका कुरा सुनिरहेकी पत्नीले फेरि भनी –'यताको समस्या म हेरिरहेकी छु । तिमी त्यतातिरको सबै कमाइ धमाइ राम्रो गर ।'

जोखनका घरमा तीनजना भाइहरू छन् । ती सबै साना छन् । उसका बाउआमा पनि सँगै छन् । जोखनले मलेशिया जाने बेलामा घरतिर हेर्नै सकेको थिएन ।

'कति काम गरेको जोखन ?'

कोठामा साथीहरूले जिस्काए ।

'खोई यसो रमाईलोतिर लागेको । रमाइलो नगरे रोग लाग्छ । पछि केही हुन्न है । अहिल्यै मस्ती पनि थपी-थपी गर्नुपर्छ ।'

साथीहरूले कोठामा भन्न छोडेनन् ।

'जतिखेरै काम-काम भनेर हुन्छ । एकदिन यै शरिरले पनि छोडेर जान्छ । अनि त्यो बेला के गर्नु हुन्छ नि ?

'जोखनको त रौतहटमा खुबै सम्पत्ति होला है !'

'कति बिघा छ जग्गा ?'

'कति वटा घर बनेका छन् है ?'

जोखनलाई जिस्काउन छोडेनन् । तर उसले कसैलाई जवाफ दिएन । उसले उत्तर दिई रहन जरुरी ठानेन ।

'जेठो छोराले एसएलसी पास गरोस् अनि सोच्नु पर्ला !'

उसले मिहेनत गरेर पैसा गाउँमा पठाइरहन्थ्यो ।

छुट्टीका दिनमा पनि ऊ खट्थ्यो । स्टोरको काम तर उसको कम्पनीको काम थियो । छुट्टीका दिनमा पनि ऊ सानातिना काम गरिरहन्थ्यो । अरुका काम गरिदिएर पकेट खर्च निकाल्थ्यो ।

जेठो छोराले एसएलसी पास गरेपछि उसले सोच्यो-अब माइलो छोराले क्याम्पस जान थालेपछि मलाई केही सहयोग होला । त्यसपछि काम केही घटाउनु पर्ला । मलेशियामा बसिरहेको बेला एकदिन खबर आयो-माइलोले पनि एसएलसी जाँच दियो ।

जोखन बरइका अरु दाजुभाइ र आफन्तले खासै पढेका थिएनन् । उनीहरू बाँसका ढक्की, काठका मुडा वा खेती किसानीमै दिन बिताउँथे । जीवन यसमै बितिरहेको थियो ।

जेठो खुबै बिरामी भयो । खर्च पनि निकै भयो । त्यो बेला जोखनले खुबै मिहेनत गऱ्यो । 'कमाउँछु र जेठो बचाउँछु' ऊ यत्ति भन्थ्यो ।

पछि माइलोतिर ध्यान गयो ।

जे होस् आज ऊ पनि एसएलसी दिने भएको कुरा सुन्दा निकै रमायो । माइलोले पनि एसएलसी दिएको राति एक प्याकेट मिठाई कोठामा ल्याएर सबैलाई बाँड्यो ।

'जोखन दाई, अब तास खेल्नु पर्छ है हरेक हप्ता ।'

'ओ जोखन, अब त मस्तले बियर खानुपर्छ ।'

'आजको साँझ जोखनको तर्फबाट बार्बेक्यु हुन्छ होला नि !'

साथीहरूले जिस्काउन छोडेनन् ।

ऊ फिस्स हाँस्थ्यो ।

आफ्नो काम खुरुखुरु गरिरह्यो उसले ।

छुट्टीका दिनमा साथीहरू उठ्नुअघि नै ऊ घरबाट बाहिरिन्थ्यो ।

'छोटोमोटो काम पाएको छ छुट्टीमा ।'

उसको कुरो यत्ति हुन्थ्यो ।

त्यो दिन राति अबेर आउँथ्यो । साथीहरू खाना खाएर सुतिसकेका हुन्थे ।

जोखनले तिहार, छठ र होलीमा पनि अत्ति साऱ्हो मन फुकाएर रमाइलो गरेन ।

'अब कान्छोले पढाइ सकोस् अनि ...!'

ऊ अरुलाई यै भन्थ्यो ।

घरतिर फोन गरेर सबै कुरा सोधिरहन्थ्यो ।

'छोरालाई लाइनमा म लगाउँछु । उता पैसाको लाइन तिमी लगाएर राख्नु ।'

पत्नीले यसै भनी राखिन् ।

ऊ आज्ञाकारी भएर कुरा सुन्थ्यो । श्रीमती पनि सम्झाएर राख्थिइन् ।



AR_Jestha_2079_BW_press.indd 26 6/13/2022 9:30:06 PM

असाध्यै राम्रो पढ्ने कान्छो छोरो सातबाट एकैचोटी नौमा उक्लियो । राम्रो र मिहिनेती हुनाले उसलाई स्कुलमा सबैले पढैया भन्थे ।

'छोराले एसएलसी पुग्दासम्म म खर्चले पेल्छु । तिमी पढाउ मात्र ।'

कान्छो छोराले दश कक्षा पढ्न थाल्दा उसले भनेथ्यो ।

जोखनलाई साथीहरू अचेल भन्छन्-'दाइ त कान्छो छोरो एसएलसी पास नगरुन्जेल गाउँ पनि नजाने होला है । ल ल छोराछोरी कै पीर गरेर बस्नु ।'

'एकदिन आफ्नो चिन्ता गरिदिने कोही हुँदैनन् ।'

साथीहरूले भनेको कुरा ऊ सुनिरहन्थ्यो ।

एकदिन अपार्टमा कोही थिएनन् । जोखनले सोफामा पल्टेर आफैलाई प्रश्न गऱ्यो -'कान्छोले पढाइ सकेपछि मलाई अलिक सजिलो होला त ?'

पुरा १० वर्ष भयो ऊ मलेशिया छिरेको ।

यसबीचमा उसले भत्केको घरलाई नयाँ बनायो । २ हल गोरु र २ माउ भैंसी पनि गोवालीमा बाँध्यो ।

'एउटा पम्पसेट पनि त जडान गरें ।'

उसले त्यो पनि सम्झना गऱ्यो ।

अनि फेरि उत्तर खोज्यो -'अब त पहिला जस्तो काम गर्न पनि सक्तिनँ । सँधैं घर-घर भनें । सँधैं छोरा-छोरा भने ।'

तीन महिनापछि छोराको पढाइबारे उसले राम्रै खबर सुन्यो ।

राति एउटा ठूलै माछा किनेर ल्यायो । अनि मसला र पीरो हालेर पकायो ।

साथीहरूले माछाको झोल सुरुप्प पार्दै भने- 'जोखन दाइ, अब घरको झमेलाबाट मुक्त भए । मरिमेटेर काम पनि नगर्ने भए ।'

'हाम्रा सच्चा साथी हुने भए ।'

'हामीसँग खास दोस्ती गर्ने भए है दाइले दाइले अब ।'

ऊ चुप लागिरहेथ्यो ।

एक महिनापछि बिहानै श्रीमतीले फोन गरिन् । जोखन निन्द्रैमा थियो उसले भन्यो -'म बिहानको खाजा खाएपछि आफैं फोन गर्छु ।'

'भने त अहिले फोन राख ।'

उसले निन्द्रैमा बरबराएरजस्तै भन्यो -'फोन राख । दिउँसोसम्म आउँछ । ढिलोमा एक बजे । हो, हो एक बजे पक्का ।'

'आज छुट्टी थियो । अलिक सुत्नु पऱ्यो भनेको । एकाबिहानै फोन आएर ।'

नौ बजेतिर ऊ उठ्यो ।

अनि खाना खाए लगत्तै फोन गऱ्यो । फोनमा जोखनले सुनिमात्र रह्यो । उत्तर दिएन उसले । बेलुकी अरु साथीहरू आइपुग्दा ऊ कोठामा थिएन ।

सबैले यताउता खोजे, ऊ भेटिएन ।

निकै राति भएपछि ऊ आयो । लगभग सबै खाना खाएर सुतेका थिए । केही तास फिट्दै थिए समय कटाउन ।

'मलाइ एउटा पार्टटाइम खोजिदिनु है ।'

जोखनले गिरिराजलाई भन्यो ।

सोहन सोफामा सुतेको थियो । उसले पुलुक्क हेऱ्यो । जोखनले उसलाई कोट्याएर भन्यो- 'मलाई काम खोज्न सघा है ।'

'कति मरिमेट्छस् तँ त' उसले भन्यो ।

'तेरा तीन छोराले एसएलसी गरिहाले । अब केका लागि मरिमेट्छस् । भो ज्यान जाने गरी काम नगर । एउटा काम छ -त्यो राम्रो छ । अब तेरो शरिरले थेग्दैन' सोहनले उसलाई सम्झायो ।

अरु पनि थप्यो -'किन यति धेरै मरिमेटेर खटेको । सधै घर मात्र भनिस् । छोराहरू मात्र भनिस् ।'

'अब मलेशियाले तँलाई जति दियो, दियो । भो अब यति धेरै लम्पसार नपर केटा तँ' उसले गिज्याउने गरी भन्यो ।

अर्को कुनामा बब्लु दास थियो । ऊ चुरोटको धुलो पुछि रहेको थियो सोफामा । बब्लुले भन्यो -'जोखन तैले दश वर्ष यसै गरि बिताइस् । अब त्यसरी काम गर्न सक्तैनस् । छोडिदे ।'

सबैका अगाडि हात जोडेर जोखन बरईले भन्यो -'मेरो पीडा तिमेरुलाई थाहा छैन । म संकटमा छु । अब त म चौबिसै घण्टा काम गर्ने अवस्थामा पुगें ।'

'मैले बहिनीको बिहेमा ज्वाइँलाई मोटरसाइकल तिलक दिन्छु भनेको थिएँ । हिजो श्रीमतीले फोनमा भनी -तिलक चाँडो नदिए बहिनीलाई ज्वाइँले घरबाट खेद्छन् रे । अब मैले चार लाख कमाउन खट्नु परेन ।'

जोखनको अनुहारमा पसिनै पसिना थियो ।

वरिपरिका अरुका अनुहार अँध्यारो भएर खुम्चिए । विदेशमा पसिना चुहाउनेहरूले घरको पीडाबाट मुक्ति पाउलान् कहिले ?


सुरक्षित र भरपर्दो
वैदेशिक रोजगारीका लागि
हामीलाई सम्झनुहोस ।

Govt. Reg No. 406/060/61



The River Overseas Pvt. Ltd.

Battisputali, KTM, Nepal, Ph: 01-4462431, 4462432
E-mail : theriver@wlink.com.np, www.theriveroverseas.com




AR_Jestha_2079_BW_press.indd 27 6/13/2022 9:30:07 PM

# बजेटले बोलेको स्वदेशमै रोजगारी, अब विदेश जानु नपर्ने

भाषाशैली बिर्सौं, सरकारले प्रस्तुत गरेको बजेट देशको हो। जनताका लागि हो। बजेटमा भने अनुसारको काम गराउने वा सुविधा लिने काम हामी नागरिकको पनि हो। त्यसैले सरकारले बजेटमा के भनेको छ। नीति तथा कार्यक्रममा के भनेको छ जानकारी राखेर खोजिनिदी गर्नु नागरिकको बाध्यात्मक कर्तव्य हो।



■ शम्भु सुस्केरा

अर्थमन्त्री जनार्दन शर्माले संघीय संसदको संयुक्त बैठकमा २०७९ जेठ १५ गते आइतबार बजेट प्रस्तुत गरेका छन्। उनले आर्थिक वर्ष २०७९/८० लागि १७ खर्ब ९३ अर्ब ८३ करोड रुपैयाँको बजेट पेश गरे।

बच्चैदेखि सुनियो बजेटका आश लाग्दा कुरा। अझ नीति तथा कार्यक्रममा उसबेला राजाले मेरो सरकारले यसो गर्नेछ उसो गर्नेछ भनेको सुन्दा साँच्चै गर्छ जस्तो लाग्थ्यो।

अहिले अर्थमन्त्री शर्माले मैले यसो गरेको छु उसो गरेको छु भनेको सुन्दा उनको आफ्नै सम्पतिबाट रकम बाँड्दैछन् जस्तो लाग्यो। हामीले गरेका छौं भनेका भए आफ्नो लाग्थ्यो होला।

भाषाशैली बिर्सौं, सरकारले प्रस्तुत गरेको बजेट देशको हो। जनताका लागि हो। बजेटमा भने अनुसारको काम गराउने वा सुविधा लिने काम हामी नागरिकको पनि हो। त्यसैले सरकारले बजेटमा के भनेको छ। नीति तथा कार्यक्रममा के भनेको छ जानकारी राखेर खोजिनिदी गर्नु नागरिकको बाध्यात्मक कर्तव्य हो।

त्यसैले बजेटमा उल्लेख भएका रोजगारी, वैदेशिक रोजगारी र कृषि सम्बन्धी मुख्य कुराको जानकारी प्रस्तुत गर्दैछु।

सरकारले भनेको छ आगामी आर्थिक वर्ष आत्मनिर्भरताको लागि कृषि उत्पादनको राष्ट्रिय अभियान वर्ष हुनेछ। अभियान अन्तर्गत आन्तरिक उत्पादन बढाउन आत्मनिर्भरताको लागि कृषि उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ। ग्रामीण क्षेत्रलाई कृषि उत्पादनको केन्द्रको रूपमा विकास गरिनेछ। खेतीयोग्य जमिनका साथै बाँझो जमिनको उपयोग गरी कृषि उत्पादन बढाइनेछ। कृषि क्षेत्रको उत्पादकत्व वृद्धिका लागि व्यवसायीकरण, यान्त्रिकीकरण र आधुनिकीकरण गरिनेछ। यसका लागि प्रधानमन्त्रीको संयोजकत्वमा मन्त्रीहरू सहितको उच्चस्तरीय संयन्त्र निर्माण गरिनेछ भनेको छ।

कृषकहरूलाई सरल र सहज रूपमा बिउ, मल, प्रविधि र सिँचाइ सुविधा उपलव्ध गराउने, लघुवित्त मार्फत सहुलियतपूर्ण कर्जा प्रदान गर्ने, कृषि बीमा विस्तार गर्ने, कृषि उत्पादन संकलन केन्द्र निर्माण गर्ने, कृषि उत्पादन ढुवानीका लागि कृषि एम्बुलेन्सको व्यवस्था गर्ने, उत्पादित वस्तुको मूल्य निर्धारण गर्ने, कृषि उत्पादन बिक्री वितरणको लागि बजारको व्यवस्था गर्ने तथा स्थानीय तहले तोकेका विशिष्टिकृत कृषि तथा पशु उपजको न्यूनतम समर्थन मूल्य तोकी खरिद गर्ने प्रत्याभुति गरिनेछ।

स्थानीय तहमा कृषि तथा पशु विज्ञानमा स्नातक गरेका एक-एक जना जनशक्ति तथा सबै वडामा कृषि प्राविधिक उपलव्ध गराउने, स्थानीय तहमा रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार युवाहरू मध्येबाट प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत श्रम सहकारीमा आवद्ध गरी कम्तीमा ३ सय कृषि स्वयंसेवक तयार पारिने भनिएको छ।

विभिन्न मन्त्रालयबाट सञ्चालन हुने तालिम एवं गरिबी निवारणसम्बन्धी कार्यक्रमलाई समेत उक्त कार्यक्रममा आबद्ध गर्ने, कृषि तथा पशु विज्ञानतर्फ उच्च शिक्षा अध्ययनरत विद्यार्थी, कृषिविज्ञ र सेवा निवृत्त राष्ट्रसेवकलाई यस सहभागी गराउने प्रबन्ध मिलाइनेछ।

कृषिको रूपान्तरण अभियानमा उत्कृष्टता हासिल गर्ने प्रत्येक प्रदेशका ३ वटा स्थानीय तहलाई रु. ५ करोडका दरले प्रोत्साहन अनुदान उपलब्ध गराइनेछ। संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीमा सञ्चालन हुने आत्मनिर्भरताको लागि कृषि उत्पादन कार्यक्रम कार्यान्वयनका लागि रु. १० अर्ब विनियोजन गरेको छ।

कृषि कर्जा किसानको घरदैलोमा सरल र सहज रूपमा उपलब्ध गराउन रु. ५ खर्बको कर्जा प्रवाह लघुवित्त कोष स्थापना गरिने र कोषमा बैंक तथा वित्तीय संस्थाले अनिवार्य रूपमा लगानी गर्नुपर्ने व्यवस्था गरिएको छ। उक्त कोषमा नागरिक लगानी कोष, कर्मचारी सञ्चयकोष र सामाजिक सुरक्षा कोषबाटसमेत निश्चित रकम लगानी गरिने भनिएकोछ।

कृषि ज्ञान केन्द्र र पशुसेवा विज्ञ केन्द्रलाई उत्पादन क्षेत्रमा सेवा प्रदान गर्ने गरी किसानसँग आवद्ध गर्ने नीति अवलम्वन गरिने र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको अन्तर्गत ५ अर्ब ९० करोड विनियोजन भएको छ।

किसान हुनुमा आत्मसम्मान र गौरव वृद्धि गर्न 'किसानसँग सरकार' कार्यक्रम अन्तर्गत योगदानमा आधारित किसान पेन्सन योजना शुरूवात गर्न 'किसान हित कोष' स्थापना गरिने, कोष स्थापना गर्न प्रारम्भमा बिउ पुँजी बापत रु. १ अर्ब छुट्याएको छ। किसान परिचयपत्रको आधारमा किसानहरूलाई सार्वजनिक सेवामा सहुलियत तथा छुट प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

प्रमुख बालीहरू लगाउने समयमा रासायनिक मलको सहज आपूर्ति गर्न मल खरिदका लागि रु. १५ अर्ब छुट्याइएको छ। प्रत्येक स्थानीय तहमा प्राङ्गारिक मल उत्पादन गरिने भएको छ।

धान, गहुँ, मकै र दूध लगायतका कृषि उत्पादनको न्यूनतम समर्थन मूल्य तोकिने र उक्त मूल्यमा तोकिएका खाद्यान्न बाली, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड लगायतका संस्थाहरूले खरिद गर्ने व्यवस्था गरिने भएको छ। समर्थन मूल्य र खरिद मूल्यबीच अन्तर हुन गएमा सोधभर्ना उपलव्ध गराउने, धान लगायतका खाद्यान्न भण्डारणका लागि मुलुकभर १०० सामुदायिक खाद्य गोदाम घर निर्माण गर्न रु. ४५ करोड विनियोजन गरेको छ।

कृषिमा आत्मनिर्भरताका लागि गुणस्तरीय बिउ बिजनमा आत्मनिर्भर बनाउन उन्नत तथा वर्णशंकर बिउ विकास तथा अनुसन्धानमा राष्ट्रिय कृषि अनुसन्धान परिषद्, विश्वविद्यालयहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था, निजी क्षेत्र



AR_Jestha_2079_BW_press.indd 28 6/13/2022 9:30:07 PM

तथा किसानहरूको समन्वय र सहकार्यलाई प्रभावकारी बनाइनेछ।

पशुपन्छी तथा माछापालनका लागि आवश्यक उन्नत नश्ल, माछाका भुरा, उन्नत घाँसका बिउ, बेर्ना, दाना, औषधी, खोप लगायतका सामग्रीहरू स्वदेशमै उत्पादन गर्न प्रोत्साहित गरिनेछ। पशुपन्छी खोप कार्यक्रम सञ्चालन गरिने, पशु नश्ल सुधार मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्न पशु प्रजनन कार्यालयको संस्थागत क्षमता सुदृढीकरण गरी ५१० स्थानीय तहमा कृत्रिम गर्भाधान सेवा उपलब्ध गराइने भनिएको छ।

आगामी वर्ष २ लाख गाई र २ लाख भैँसीको उन्नत नश्लको सिमेनबाट कृत्रिम गर्भाधान सेवा उपलब्ध गराइनेछ। कृषि बाली तथा पशु बीमाको प्रिमियममा ८० प्रतिशत अनुदान प्रदान गर्न रु. ७६ करोड छुट्याइएको छ।

नगदे बाली खेती गर्न किसानलाई उत्प्रेरित गरिनेछ। उखु किसानलाई उपलव्ध गराउने अनुदान रकम उखु क्रसिङ्ग भएकै वर्ष उपलब्ध गराइनेछ। उखुको जातीय विकास गर्न उखु अनुसन्धान कार्यक्रम सञ्चालन गरिनेछ। चिनी उत्पादनमा मुलुकलाई आत्मनिर्भर बनाउन उखु बालीका अतिरिक्त सुगर बिट्स समेतको उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ। उखु किसानलाई अनुदान उपलब्ध गराउन रु. ८१ करोड विनियोजन भएको छ।

कृषि तथा वन विश्वविद्यालय तथा अन्य कृषि क्याम्पसहरूले आफ्ना विद्यार्थीहरूलाई अध्ययन अनुसन्धानका अतिरिक्त अनिवार्य रूपमा उत्पादनमूलक कृषि तथा पशुपालन फार्महरूमा प्रयोगात्मक अध्ययन गराउने व्यवस्था हुँदैछ।

कर्णाली प्रदेशमा रैथाने बाली तथा जैविक खेतीको संरक्षण र विकास गर्नुका साथै कृषिको आधुनिकीकरण, व्यवसायीकरण, विविधिकरण र विशिष्टिकरणका माध्यमबाट उत्पादन र उत्पादकत्व वृद्धि, मूल्य श्रृंखला विकासमा सहलगानी, सामुदायिक कृषि पूर्वाधार विकास एवं कृषि उपजको बजारीकरणमा सहयोग गर्न कृषि क्षेत्र विकास गरिनेछ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयको लागि रु. ५५ अर्ब ९७ करोड विनियोजन गरेको छ।

नेपाली उत्पादनको वृद्धि, रोजगारी सिर्जना र निर्यात लक्षित व्यापार अभिवृद्धिका लागि 'प्रधानमन्त्री नेपाली उत्पादन एवं उपभोग अभिवृद्धि' कार्यक्रमका लागि ३ अर्ब ४५ करोड छुट्याइएको छ।

श्रमिकलाई आफ्नो सम्भावनाको उच्चतम प्रयोग गर्न सक्ने बनाउन सीपमूलक व्यवसायिक तालिम सञ्चालन गरिनेछ। सबै बेरोजगार जनशक्तिको योग्यता, क्षमता र सीपसमेत उल्लेख हुने गरी तथ्याङ्क अध्यावधिक गरिनेछ।

स्वरोजगार नागरिकलाई योगदानमा आधारित नागरिक पेन्सन योजनामा आवद्ध गरिनेछ। निजी तथा अनौपचारिक क्षेत्र र वैदेशिक रोजगारीमा रहेका नागरिकलाई सामाजिक सुरक्षा कोषबाट सञ्चालित सामाजिक सुरक्षा योजनाहरूमा आवद्ध गर्दै लगिनेछ।

प्रत्येक वर्ष रोजगार सेवा केन्द्रमार्फत २ लाख सूचीकृत बेरोजगारलाई रोजगारी प्रदान गरिनेछ। यसका लागि रु. ७ अर्ब ५ करोड छुट्याइएको जनाएको छ।

कम्तीमा ५ लाख विपन्न बेरोजगारलाई सम्बन्धित स्थानीय १० करोडसम्मको विकास आयोजना निर्माणमा संलग्न गराई रोजगारीको अवसर प्रदान गरिनेछ। श्रम सहकारी मार्फत विभिन्न सीपमूलक तालिम प्रदान गर्नुका साथै श्रमिकहरूलाई मागका आधारमा विभिन्न परियोजना निर्माण कार्यमा खटाइनेछ।

वैदेशिक रोजगारीमा जाने कुरा सोच्दैगर्दा यी कुराको चासो गरी सम्भावना खोज्न आवश्यक छ। वैदेशिक रोजगारीमा जानैपरेमा त्यसतर्फ चासो गर्नुपर्छ। बजेटका अनुसार वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित तथा मर्यादित बनाउँदै वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूको दक्षता अभिवृद्धि गर्न गन्तव्य मुलुकको माग अनुसार आवश्यक सीपमूलक तालिम प्रदान गरिनेछ।

वैदेशिक रोजगारीका नयाँ र आकर्षक गन्तव्य मुलुकहरूको पहिचान गरी विद्यमान श्रम सम्झौताको प्रभावकारिता अध्ययन तथा पुनरावलोकन गरिनेछ। वैदेशिक रोजगार व्यवस्थापन सूचना प्रणालीलाई स्तरोन्नति गरी वैदेशिक रोजगारी सम्बद्ध सेवाहरू अनलाइन प्रणाली मार्फत प्रदान गर्न व्यवस्था मिलाइनेछ। हाल काठमाडौंबाट प्रदान गरिँदै आएको श्रम स्वीकृति काठमाडौं बाहिरका सबै श्रम तथा रोजगार कार्यालयहरूमार्फत अनलाइन प्रणालीबाट उपलब्ध हुनेछ।

श्रमिकको गन्तव्य, कामको किसिम, पारिश्रमिक तथा सामाजिक सुरक्षासम्बन्धी विषयमा डिजिटल माध्यमबाट अग्रीम जानकारी दिने, वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिक तथा निजहरूको परिवारलाई प्रदान गरिने राहत, उद्धार तथा अन्य कल्याणकारी सेवा अनलाइन प्रणालीबाट प्रवाह गर्ने, वैदेशिक रोजगारीमा गएका व्यक्तिहरूलाई टेलिमेडिसिन सेवा प्रवाह गर्ने, वैदेशिक रोजगारीमा रहेका श्रमिकहरूको लागि उत्पादनमूलक क्षेत्रमा लगानी गरी प्रतिफल वितरण गर्ने गरि सञ्चित लगानी कोष सञ्चालन गरिने समेत भनिएको छ।

वैदेशिक रोजगारबाट फर्केका नागरिकहरूलाई उनीहरूले आर्जन गरेको अनुभव, सीप र पुँजी लगानी गरी उत्पादन र स्वरोजगार क्षेत्रमा काम गर्न प्रोत्साहन गर्नुका साथै व्यवसाय सञ्चालनका लागि सहुलियतपूर्ण कर्जा प्रवाह गरिने। सातै प्रदेशमा बहुउद्धेश्यीय तालीम केन्द्र स्थापना गरी सञ्चालन गरिनेछ।

कार्यस्थलमा भेदभाव तथा हिंसा हुन नदिइने, समान कामका लागि समान पारिश्रमिकको सिद्धान्त कार्यान्वयन गरिने, श्रम अडिटलाई व्यवस्थित र प्रभावकारी बनाइ श्रमिकको हक, हीत, व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा, न्यूनतम पारिश्रमिक र श्रम कानूनको परिपालना सुनिश्चित गरिने, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको लागि रु. ९ अर्ब १३ करोड छुट्याएको छ।

यस्तै कुनै पनि कंपनीले शेयर निश्कासन गर्दा वैदेशिक रोजगारीमा भएका नेपालीका लागि १० प्रतिशत आरक्षण प्रदान गर्नुपर्ने भनिएको छ।

यी कुरा जानौं, मानौं र हात पारौं। यो अधिकार हो तजबिज होइन।






AR_Jestha_2079_BW_press.indd 29 6/13/2022 9:30:08 PM

# गीत लेखनमा उदाउँदै सुशीला




● हरिराम पौडेल

फूल झैं कोमल छ उनको मन, झरना झैं स्वच्छ छ उनको सोचाई अनि सगरमाथा जस्तै उच्च छ उनको व्यक्तित्व । उनका साहित्यिक सृजनाहरू अध्ययन गर्दा, उनका गीतहरू पढ्दा र सुन्दा यस्तै अनुभूति हुने गर्दछ । नेपाली साहित्यकी उदाउँदो नक्षत्र हुन् गीतकार सुशीला पौडेल ।

सुशीलाको जन्म सर्लाही जिल्लाको लालवन्दीमा पिता फणिन्द्र प्रसाद पौडेल र माता राधा पौडेलबाट भएको हो । सानैदेखि लेखन कार्यमा रुचि राख्ने गीतकार सुशीलाले श्री जनज्योति मा.वि. लालवन्दी सर्लाहीमा कक्षा १ देखि १२ सम्म अध्ययन गरिन् भने त्यसपछि उनी काठमाण्डौ प्रवेश गरिन् । रत्नराज्यलक्ष्मी क्याम्पसबाट मानविकीमा स्नातक पुरा गरेकी उनले पशुपति बहुमुखी क्याम्पसबाट नेपाली साहित्यमा स्नातकोत्तर तहसम्मको अध्ययन पुरा गरिन् । २०४८ सालदेखि गीत तथा फुटकर कविता लेख्न थालेकी सुशीलाको २०५१ सालमा सर्लाहीबाट प्रकाशन हुने ‘गोलसिमल’ पत्रिकामा पहिलो रचना छापिएको थियो ।

रेडियो नेपालका मधुवन, सुरसंगम, त्रिवेणी लगायतका कार्यक्रमहरू सुनेर साहित्यको बाटोमा लाग्ने प्रेरणा पाएको बताउने उनी पछिल्लो समयमा गजल, मुक्तक र आख्यान लेखनमासमेत सक्रिय रहेकी छिन् । २०५५ सालमा ‘झम्के फुलीमा’ बोलको गीत पहिलो पटक रेकर्ड गरेकी सुशिलाका हालसम्म करीव तीन दर्जन गीतहरू रेकर्ड भइसकेका छन् । उनको पहिलो गीत पनि धेरैले मन पराए । त्यसपछि निरन्तर गीति यात्रामा यात्रारत उनको २०६४ सालमा अञ्जु पन्तको स्वरमा रेकर्ड भएको गीत ‘तिमी त माया गर्ने मान्छे ...’ ले थप उचाई दियो । अझ भनौ गीतिकारितामा उनलाई स्थापित गरिदियो ।

साहित्यमा नै उच्च शिक्षा हासिल गरेकीले सुशीलाका गीत तथा अन्य सृजनाहरूमा विषयगत र भावगत गाम्भिर्यता पाइन्छ । चट्ट बान्की परेको लेखन छ उनको, सुन्दा या पढ्दा खोट लगाउने ठाउँ भेटिदैन । गीतका अलवा मुक्तक, गजल, आख्यान र समालोचनामा पनि निरन्तर कलम चलाउदै आएकी सुशीलालाई बहुआयामिक व्यक्तित्वको रुपमा पनि लिन सकिन्छ । लेखिकाको साथसाथै शिक्षिकाको रुपमा पनि उनले आफ्नो परिचय स्थापित गरिसकेकी छिन् । उनको शिक्षणबाट भोलीका धेरै प्रतिभाहरू उब्जिइसकेका छन् ।

जीवन अनुभव र अनुभूति संगाल्ने संग्राहलयको रुपमा परिभाषित गर्ने गीतकार सुशीलाको जीवन यात्रामा बहार बनेर आए दिनेश सुवेदी । २०५६ सालमा दिनेशसँग वैवाहिक बन्धनमा बाधिएकी गीतकार सुशीला र दिनेशको संयुक्त गीति संग्रह ‘उमंग’ केहि समय पहिले बजारमा आइसकेको छ भने उनीहरूकै मायाको प्रतीक एक मात्र सुपुत्र प्रशान्त यो धर्तीमा आएको १५ वर्ष भइसकेको छ । दैनिक जीवन अनि लेखनसँगै अघि बढिरहेकी गीतकार सुशीला विभिन्न साहित्यिक तथा सामाजिक संघ



AR_Jestha_2079_BW_press.indd 30 6/13/2022 9:30:08 PM

संस्थामा आवद्ध भएर नेपाली साहित्यको श्रीवृद्धिमा क्रियाशिल रहदै आएकी छिन् । 'हाम्रो मझेरी साहित्य प्रतिष्ठान' कि विशिष्ट आजीवन सदस्य उनी 'प्यास' राष्ट्रिय गजल पत्रिकाको आजीवन सदस्य, सर्लाही साहित्य समाजकी सल्लाहकार, विश्व नारी साहित्य सम्मेलन सर्लाही जिल्ला अध्यक्षको रुपमा साहित्य सेवामा समर्पित रहेकी छिन् भने नेपाली सृजनशिल श्रष्टाहरूको हक हितको संरक्षण, सम्वर्धन र विकासमा क्रियाशिल गीतकार संघ नेपालको उनी कोषाध्यक्ष हुन् ।

चलचित्र 'विजयपथ' र 'अवसर' मा समेत गीत लेखेकी सुशीला पठन साहित्यको विकास नभएकोमा चिन्ता व्यक्त गर्दछिन् अनि चेतनामूलक कार्यक्रमहरू केन्द्रमा मात्र सिमित नभई मोफसलमा पनि पुग्नुपर्ने धारणा राख्दछिन् । गीत संगीतका विभिन्न कार्यक्रमहरूमा नेपालका पचास भन्दा बढि जिल्ला र भारतका केहि शहरहरूमासमेत भ्रमण गरेकी गीतकार सुशीलाको बारेमा गीतकार संघ नेपालमा सँगै सहकार्य गरेका चर्चित गीतकार विपिन किरण सुशीला आफैंमा राम्रो गीतकार भएकी तथा उनको गीतमा भाव र कथा भेटिने बताउँछन् । उनी थप्छन्- 'सुशीला पौडेल व्यवहारमा सरल, सह्दयी र सहयोगी व्यक्ति हुन् भने गीतकारको रुपमा एउटा समुदायलाई नै प्रतिनिधित्व गरेर गीत सृजना गर्ने सामर्थ्य राख्ने गीतकार हुन् ।'

गीतियात्रा र साहित्य यात्रामा सँगसँगै यात्रारत सुशीला पौडेलका 'इ. प्रतिनिधि गजल', 'हैसियत' गजल संग्रह लगायतका संयुक्त कृतिमा करिव तीन दर्जन गजल प्रकाशित भएका छन् । यसैगरि 'मुक्तक चौतारी'मा मुक्तकहरू समेटिएका छन् । उनले २०७३ सालमा 'माध्यमिक व्याकरण बोध तथा अभिव्यक्ति र अभ्यास' नामक व्याकरणको पुस्तक पनि प्रकाशित गरेकी छिन् ।

गीति लेखनसँगै गीतकार संघ नेपालको कोषाध्यक्ष जस्तो गरिमामय पदमा दुई कार्यकाल निर्विरोध निर्वाचित भएकी गीतकार सुशीला पौडेल राम्रो गीतकार भएको वरिष्ठ गीतकार तथा गीतकार संघ नेपालका अध्यक्ष चुडामणि देवकोटा बताउँछन् । सुशीलाको व्यक्तित्व र गीतिकारिताको बारेमा उनी भन्छन्- 'उनका गीतले प्रेमभाव बोकेका हुन्छन्, उनको अध्ययन र लेखनको पाटो पनि एउटै भएको तथा लेखन कार्यलाई निरन्तरता दिइरहेकीले उनको लेखकीय भविष्य उज्जवल रहेको छ भने आफ्नो जिम्मेवारी वहन गर्ने कुरामा पनि उत्तिकै गम्भीर रहेकी छिन् । उनको यहि विशेषताले गीतकार संघ नेपालको कार्यसमितिमा दोश्रो कार्यकालमा समेत निर्विरोध कोषाध्यक्षमा निर्वाचित भएकी छिन् । उनको उज्जवल भविष्यको कामना गर्दछु ।'

गीतको सुरुवात गीतकारको कलमबाट हुने गर्छ, संगीतकारले धुन भरेपछि गायक गायिकाले स्वर भर्दछन् अनि मात्र गीत श्रोताहरूसम्म पुग्ने गर्छ । यसरी सुमधुर गीत रचना गर्ने गीतकारका पनि आफ्नै पिडाहरू हुन्छन्, समस्याहरू हुन्छन् । गीतकार सुशीला पनि गीतकारका विविध समस्या हुने बताउँछिन् । आर्थिक जोखिमका साथै गीतकारहरू चौतर्फी रुपमा पिडित रहेको उनको ठम्याइ छ । संचार माध्यमहरूले गीत बजाउदा गीतकारको नाम समेत उच्चारण नगरिदिने, गायक गायिकाले विभिन्न सांगितिक प्रस्तुतिहरूमा गीत गाउदा पनि गीतकारको नाम उच्चारण नगरिदिने कारणले गीतकारको गीत चर्चित भए पनि गीतकार सधैं ओझेलमा नै पर्ने उनी बताउँछिन् ।

'मौनता भित्रको विजय' र 'सानो मान्छे' उपन्यास, 'रिक्त मान्छे' कविता संग्रह प्रकाशनको तयारीमा रहेकी तथा २०७१ सालमा त्रिमुर्ति साहित्य सेवा पदकबाट पुरस्कृत गीतकार सुशीला पौडेल लेखनमा यस्तै सक्रिय रहिरहने बताउँछिन् ।

harirampaudel@gmail.com



फणिन्द्र दाहाल

# फोहोरको राजनीति बन्द गरौं

स्वास्थ्य मानव जिवनको महत्वपूर्ण अंग मात्र होइन आधारभूत आवश्यकता पनि हो । स्वस्थ जिवन जिउन पाउनु हरेक मानिसको नैसर्गिक अधिकार पनि हो । अपसोच देशकै राजधानी काठमाडौ महानगर फोहोर नै फोहोरको शहर बनेको वर्षौ वित्दासमेत यसको व्यवस्थापनमा दीर्घकालिन योजना बन्न नसक्दा दुःख लाग्छ ।

काठमाडौ महानगरपालिकामा स्वतन्त्र उम्मेदवार बालेन्द्र शाह (वालेन)ले मेयर पदमा शानदार विजय हाँसिल गरेपछि पनि उपत्यकामा फोहोर थुप्रिन कम भएन । मेयर शाह सपथग्रहण लगत्तै सिसडोल र बञ्चरे डाडामा रहेको डम्पिङ साइड अवलोकनका लागि पुगे अनि महानगरको पहिलो कार्यपालिकाको बैठकमै उनले फोहोर व्यवस्थापनको विषय उठान गराए तर उनले यी प्रयत्न गरिरहदा काठमाडौको चोकचोक गल्ली गल्लीमा फोहोरको पहाड लागिसकेको थियो ।

त्यसो त ल्याण्डफिल साइटमा हुदै आएको झमेला र फोहोर व्यवस्थापनको चुनौती अहिले मात्र खडा भएको होइन । दशकौदेखि यो समस्या झेल्दै आउदा पनि यो विषय सधै ओझेलमा पर्नु सरकारको लाचारीपन हो । फोहोर व्यवस्थापनको समस्या काठमाडौ महानगरलाई मात्र नभएर उपत्यकाका तिनवटै जिल्लाको साझा समस्या हो । यो समस्या सुल्झाउन स्थानिय तहको प्रयास मात्र सम्भव छैन । यसका लागि संघीय सरकार आफै अघि सर्नु जरुरी छ । अर्कोतिर सरकारसँगै नागरिकको पनि उत्तिकै दोष छ । घरमै व्यवस्थापन गर्न सकिने फोहोर मात्र कमि गर्ने हो भने पनि यो समस्या केहि कम देखिने थियो ।



वि.स. २०६२ सालमा २ वर्षका लागि फोहोर फाल्न सम्झौता भएको सिसडोलमा अहिलेसम्म फोहोर फालिरहनुपरेको छ । सिसडोलको ल्याण्डफिल्डसाइट भरिएपछि यसको विकल्पमा गतवर्षबाट बञ्चरेडाडामा ल्याण्डफिल्ड साइड निर्माण सुरु गरिएपनि अझै त्यसको निर्माण सम्पन्न हुन सकेको छैन । सिसडोल भरिएपछि बञ्चरेडाडाको निर्माणाधिन संरचनामै अहिले फोहोर फाल्न सुरु गरिएको छ ।

यसरी हेर्दा अबको केहि वर्षमा बञ्चरेडाडाको ल्याण्डफिल्ड साइट पनि भरिने छ । यसपछिको विकल्प के त ? यसको सरकारसँग कुनै उत्तर नै छैन । यसबीचमा उपत्यकाको फोहोर व्यवस्थापनका लागि विभिन्न अध्ययन पनि नगरिएको होइन । संकलित फोहोरलाई प्रशोधन गरेर मल बनाउन कारखाना खोल्नेदेखि विद्युत निकाल्नेसम्मका योजना बनेपनि ति सबै अध्ययन प्रतिवेदन दराजमा थन्किएर बसेका छन् ।

केहि दिनको प्रयासमा अहिले फोहोर उठ्न र फाल्न सुरु भएपनि पटक पटक हुँदै आएको स्थानीयवासीको अवरोध भोलि फेरी नहोला भन्ने कुनै ग्यारेन्टी छैन । त्यसो त एक ठाँउको फोहोर अर्को ठाँउमा लगेर जम्मा गर्नु मात्र पनि फोहोर व्यवस्थापन होइन, यसका लागि दीर्घकालिन योजना बनाउन सक्नुपर्छ । विगतमा फोहोर व्यवस्थापनका लागि विभिन्न अध्ययन र प्रतिवेदन पनि बनेका छन् । तिनलाई दराजबाट निकालेर सरकारले अध्ययन गर्न जरुरी छ र जतिसक्दो चाँडो यो समस्या सुल्झाउन आवश्यक छ । अब फोहोरको राजनीति बन्द गरौं ।



AR_Jestha_2079_BW_press.indd 31 6/13/2022 9:30:08 PM

# चट्याङबाट बचौं र बचाऔं ।

## चट्याङबाट बच्न,

**घरबाहिर हुनुहुन्छ भने,**

- अग्लो र एक्लो रुखमुनि नबस्ने,
- पौडिने, माछा मार्ने तथा न्याफ्टिङजस्ता क्रियाकलाप नगर्ने,
- खुल्ला मैदानमा नबस्ने,
- धातुबाट बनेका तारबार नजिक नबस्ने,

**घरभित्र हुनुहुन्छ भने,**

- विद्युतीय सामग्रीहरू जस्तै टीभी, कम्प्यूटर, फ्रिज, वासिङ मेसिन नजिक नबस्ने र प्रयोग नगर्ने,
- तारसहितको टेलिफोन (ल्याण्डलाईन) प्रयोग नगर्ने,
- घरबाट बाहिर ननिस्किने,
- धारामा नुहाउने, लुगा धुने र भाँडा माझ्ने काम नगर्ने ।

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**



AR_Jestha_2079_BW_press.indd 32 6/13/2022 9:30:09 PM



Crystal Diagnostic
Screening for Clarity
CERTIFIED ISO 9001:2015 COMPANY
Trusted Solutions, Not Just Results
Protect Your Health, Diagnose Earlier.
'A' grade pathology laboratory certified by NPHL, Government of Nepal
OUR SERVICES
• Antigen Testing
• Biochemistry
• Cytology
• Flucytrometry
• Haematology
• Histopathology
• Immunochemistry
• Immunofluorescence
• Immunology
• Microbiology
• Molecular RT-PCR Test
• Molecular Diagnostics
• Various Allergy Testing
• Virology
Contact: 01-4561020/21/30
Mobile: 9802302157, 9802301020
Address: Sinamangal, Kathmandu
Visit Website: www.crystaldiagnosticlab.com


चुनौति जहाँपनि छ, अप्ठ्यारो जहिले पनि
आउनसक्छ तर लगनशिल भएर कोशिस
गरिरहे विश्वास र सम्बन्ध सधैं रहिरहन्छ।
सम्सारा रेमिट जस्तै।
SAMSARA
REMIT
Toll Free No.
16600171819
www.samsararemit.com




IME International Money Express
Fast, Reliable And Secure Remittance

IME pay

+977 1 4217600, 4430600
4425800 (Fax)
info@imeremit.com.np
facebook/imeremit
www.imeremit.com.np

Toll Free
16600 151515
For NTC Users

Phone
+977 1 4217600, 4217601
For Other Users



म.क्षे.हु.नि.द.नं. ७/०७०/७१
himal remit®
हिमालरेमिट
मेरो मन तब खुशी हुन्छ, जब
मेरो परिश्रमको फलले
मेरो परिवारको खाँचो टार्छ ।
ढुक्क छु, मेरो खुशीलाई
हिमालरेमिटले मेरो परिवारसम्म
पुऱ्याई दिइरहेको छ ।
पुऱ्याउँछौं खुशी
a product of
HBL
हिमालयन बैंक लिमिटेड
Himalayan Bank Ltd.
www.himalayanbank.com/himalremit
टोल फ्रि १६ ६०० १११ ०००
रेमिटान्स सेन्टर, कर्पोरेट अफिस, कमलादी, काठमाण्डौ
फोन: ००९७७-१-४२५०३५४
QR SCAN
FOR MORE
DETAILS.
Follow us on:
himalremit
@himalremit
@himalremit